जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ६८ • २०८१ साल साउन १२ गते शनिबार (27 July, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भारतमा सुनका गहना नेपालभन्दा सस्तो

# भारतीय बजारबाट नेपालीले सुन खरिद गर्ने क्रममा वृद्धिको आकलन

**टुडे समाचारदाता**

जनकपुरधाम । भारत सरकारले सुन र चाँदीमा लिएको नीतिले घरायसी प्रयोजनका लागि सीमावर्ती भारतीय बजारबाट नेपालीले सुन खरिद गर्ने क्रम बढ्न सक्ने सम्भावना देखिएको छ।

भारत सरकारले सुन र चाँदीमा आयातमा लाग्ने भन्सार महसुल घटाएका कारण सीमावर्ती भारतीय बजारबाट नेपालीले सुन खरिद गर्ने क्रम बढ्न सक्ने व्यवसायीहरुको पनि आकलन छ।

भारत सरकारले सुन र चाँदीको भन्सार महसुल १५ प्रतिशतबाट घटाएर ६ प्रतिशत कायम गरेको छ भने नेपाल सरकारले गत जेठ १५ गते सुन आयातमा लाग्ने १५ प्रतिशत भन्सार महसुललाई बढाएको अवस्थाले गर्दा सो सम्भावनाका आधारहरु भएको व्यवसायीहरु बताउँछन्।

नेपालमा सुन आयात गर्दा हाल २० प्रतिशत र चाँदी आयात गर्दा १५ प्रतिशत भन्सार महसुल लाग्ने गर्छ।

नेपाल सरकारले सुन आयातमा लाग्ने चन्सार महसुल बढाउँदै सुनका गहनाको मूल्य बढाउने नीति लिंदा भारत सरकारले सुन आयातमा लाग्ने भन्सार महसुल घटाउँदै सुन तथा चाँदीका गहनाको



मूल्य घटाउने नीति लिएको छ।

भारत सरकारले सुनकका गहना नेपालभन्दा प्रतिग्राम २५ प्रतिशतसम्म सस्तो हुन सक्ने भएकाले सीमावर्ती बजारबाट सुन खरिद गर्ने क्रममा वृद्धि हुनसक्ने सम्भावना देखिएको हो।

भारतमा सुन र चाँदी सस्तो हुँदा त्यसको प्रत्यक्ष प्रभाव नेपाली बजारमा पर्ने सुन चाँदी व्यवसायी महासंघका अध्यक्ष मानिकरत्न शाक्य बताउँछन्।

उनका अनुसार हाम्रोमा सुन आयात गर्दा २० प्रतिशत भन्सार महसुल लाग्छ , चाँदीको भन्सार १५ प्रतिशत छ, जुन निक्कै धैरै हो , भारतमा भन्सार महसुल घटेकाले भारबाट सुन र चाँदी तथा त्यसबाट बनाइएका गरगहना अनौपचारिक माध्यमबाट नेपालमा भित्रिने जोखिम छ।

व्यवसायीहरुले नेपालभन्दा भारतमा सुनको भन्सार महसुल १४ प्रतिशत र चाँदीको भन्सार ९ प्रतिशत सस्तो भएकाले अवैध व्यापार बढ्ने दाबी गरिरहेका छन्।

भारतमा नेपालभन्दा सुन र चाँदीको गहना खरिद गर्दा गुड्स तथा सर्भिस टयाक्स(जीएसटी) समेत १० प्रतिशत कम लाग्ने भएकाले उपभोक्तालाई भारतबाट सुन र चाँदीको गहना खरिद गर्दा नेपाल भन्दा २५ प्रतिशतसम्म सस्तो पर्न सक्ने आकलन छ।

नेपालमा हालको कानुनअुसार पुरुषले विदेशबाट २५ ग्राम र महिलाले ५० ग्रामसम्म सुन ल्याउन पाउँछन्। जसअनुसार एक पटकमा दुई वटा भारतीय बजारमा गए भने बिनारोक ठोक सहजै १०० ग्राम सुन ल्याउन सक्छन्।

भारतमा १०० ग्राम सुन खरिद गर्दा नेपालभन्दा २ लाख ५० भन्दा बढी सस्तो हुन्छ। नेपालभन्दा भारतमा लाग्ने ज्याला र जर्ती समेत कम रहेकाले पनि भारतीय बजार फस्टाउने र नेपाली बजारमा प्रतिकूल असर पर्ने सम्भावना छ।










# भारतले धान, चामल निर्यातमा कर लगाउँदा, आयात ह्वात्तै घट्यो



वीरगञ्ज । प्रमुख भन्सार नाका वीरगञ्ज भन्सार कार्यालय हुँदै धान, चामलका आयातमा गिरावट आएको छ।

भारत सरकारले धान, चामल निर्यातमा कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लाग्ने व्यवस्था गरेसँगै यसको प्रभाव नेपालमा परेको हो। कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०/८१ आठ अर्ब २८ करोड ५५ लाख ४२ हजार मूल्य बराबरको २० करोड ८० लाख ९२ हजार चार सय ४८ किलोग्राम धान नेपाल आयात भएको छ । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा धान आयातको परिमाण ४४ दशमलव ६० प्रतिशतले घटेको हो। सरकारले प्राप्त गर्ने राजस्व पनि ३९ दशमलव ८१ प्रतिशतले घटेको छ। सरकारले गत आवमा धान आयातवापत राजस्व भने ४० करोड ५३ लाख २६ हजार राजस्व सङ्कलन गरेको थियो।

कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुङ्गानाले भारत सरकारले गत आवमा धान, चामल निर्यातमा दिँदै आएको कोटा प्रणाली हटाएर थप २० प्रतिशत कर लगाएसँगै धान, चामलको आयातमा गिरावट आएको बताउनुभयो । "वीरगञ्ज भन्सार कार्यालय हुँदै आयात हुने धान, चामलको परिमाण ठूलोमात्रामा घटिरहेको छ", उहाँले भन्नुभयो, "धान, चामलको आयात मात्रै होइन । राजस्व सङ्कलनमा पनि प्रत्यक्ष असर पारिरहेको छ ।" वीरगञ्ज भन्सार कार्यालय हुँदै आव २०७९/८० मा १३ अर्ब ७६ करोडको धान आयात गरिएको छ। सो आवमा ३८ करोड ५५ लाख ८८ हजार तीन सय ३९ किलोग्राम धान आयात गरिएको थियो। सो धान आयात हुँदा सरकारले राजस्ववापत ६७ करोड ३४ लाख ६३ हजार सङ्कलन गरेको थियो।

आव २०८०/८१ म वीरगञ्ज भन्सार कार्यालय हुँदै एक अर्ब ७२ करोड ६२ लाख ५३ हजार मूल्य बराबरको एक करोड ३२ लाख ४१ हजार तीन सय ७३ किलोग्राम चामल आयात भएको छ । अघिल्लो आवको तुलनामा गत आवमा यो भन्सार कार्यालय हुँदै आयात हुने चामलको परिमाणमा ६३ दशमलव ८० प्रतिशतले गिरावट आएको छ । कार्यालयले चामल आयातवापत प्राप्त गर्ने राजस्व पनि ४१ दशमलव ८ प्रतिशतले घटेको देखिन्छ । गत आवमा चामल आयात हुँदा राज्यले १९ करोड ८७ लाख ३० हजार राजस्व सङ्कलन गरेको छ । आव २०७९/८० मा भने दुई अर्ब ९५ करोड ९९ लाख ४४ हजार मूल्य पर्ने तीन करोड ६५ लाख ८२ हजार ६ सय ८३ किलोग्राम चामल आयात भएको थियो । सो चामल आयात हुँदा राज्यले २३ करोड ४३ लाख ८३ हजार राजस्व सङ्कलन गरेको थियो।

गत आवमा धान र चामलको आयात घटे पनि खाद्यान्न मकैको आयात भने केही बढेको छ। आव २०८०/८१ म खाद्यान्न मकै भने पाँच अर्ब ५९ करोड १९ लाख एक हजार मूल्य पर्ने १२ करोड ९९ लाख १८ हजार एक सय ७३ किलोग्राम मकै आयात भएको छ । सो मकै आयात हुँदा राज्यले २७ करोड ७४ लाख १० हजार राजस्व सङ्कलन गरेको छ । आव २०७९/८० को तुलनामा आव २०८०/८१ खाद्यान्न मकैको आयात भने परिमाणमा तीन दशमलव ७२ प्रतिशतले बढेको छ। राजस्व रकम पनि अघिल्लो आवको तुलनामा १८ दशमलव ३६ प्रतिशतले बढेको छ।रासस

# बालविवाह मुक्त वडा घोषणाका लागि पहल

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विदेह नगरपालिका-९ इटहर्वालाई बालविवाह मुक्त वडा घोषणा गराउन जनप्रतिनिधिहरुले पहल सुरु भएको छ।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा आसमान नेपालले संचालन गरेको परियोजनाहरुको अनुगमन गर्न गएका संयुक्त टोलीलाई सम्बोधन गर्दै वडा नं. ९ का वडाध्यक्ष बृजनन्दन मण्डलले २० वर्ष नपुगेको किशोरकिशोरीको सिफारिस नगर्ने प्रतिबद्धता जनाएका छन्।

बालविवाह मुक्त गर्नको लागि कठोर भएर प्रस्तुत हुनुको विकल्प नरहेको उनले बताए।

धनुषासहित मधेश प्रदेश खुल्ला दिशामुक्त घोषणा भएको कयौ वर्ष भएपनि कार्यान्वयनमा आउन नसकेको सम्झिदै उनले बालविवाह मुक्त घोषणा पनि ठूलो कुरा नरहेको बताए।

घोषणा त आजै गर्न सकिन्छ, उनले भने-तर, कार्यान्वयन गर्न सकिन्छ कि सकिदैन् । त्यो महत्वपूर्ण कुरा हो । बालविवाह मुक्त घोषणा गर्नको लागि उमेर नपुगेका किशोरकिशोरीहरुको बिबाह सम्बन्धी सिफारिस नगर्ने प्रतिबद्धता जनाए।

बालविवाह मुक्त अभियानमा जनप्रतिनिधिसहित स्थानीयबासी, भद्रभलादमीसमेतको पनि भूमिका महत्वपूर्ण रहेको उनले बताए।

केही महिना अगाडि मात्र जापान सरकार र प्लान इन्टरनेशनल नेपालको सहयोगमा निर्मित विद्यालय भवनको अनुगमन गर्न गएका



दातृनिकाय र आसमान नेपालका कर्मचारीहरुलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जुमराती नदाफ, प्रधानाध्यापक कृष्णदेव यादवले ब्रिफिङ गरेका थिए।

सो अवसरमा प्लान इन्टरनेशनल नेपालका रविशंकर पण्डितले बालविवाह मुक्त वडा घोषणा गराउन आफूहरुले सक्दो सहयोग गर्ने बताए।

बालविवाह न्युनीकरण परियोजना विदेहसहित धनुषा जिल्लाको पाँच वटा पालिकाहरुमा संचालनमा छ।

बालविवाह मुक्त घोषणा गर्न मधेश प्रदेश सरकारले सन् २०३० सम्मको लक्ष्य लिएर अघि बढिरहेकाले सोही अनुसार आफूहरु पनि अघि बढिरहेको पण्डितले बताए।

सो अवसरमा आसमान नेपालका कार्यक्रम व्यवस्थापक दिलीप यादवले परियोजनालाई सफल बनाउन स्थानीय जनप्रतिनिधि, बुद्धिजीवि, नागरिक समाजको भूमिका महत्वपूर्ण रहेको बताए।

आफूहरुले विद्यालयलाई नमूना बनाउनको लागि हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्दै यादवले यसमा तोकिएको सूचकहरु अनुसार तयारीमा जुटनुपर्नेमा जोड दिए।

# विपद्मा परी एक सय ३९ जनाको मृत्यु

काठमाण्डु । मौसमजन्य विपद्मा परी आज अपराह्नसम्म मुलुकभर एक सय ३९ जनाको मृत्यु भएको छ । बाढी, पहिरालगायत विपद्मा परी काठमाडौँ उपत्यकामा दुई, कोशीमा २२, मधेसमा छ, बागमतीमा २९, गण्डकीमा ३८, लुम्बिनीमा २४, कर्णालीमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।

बाढीपहिरामा परी कोशी र बागमती प्रदेशमा दुई/दुई तथा गण्डकी र कर्णाली प्रदेशमा एक/एक गरी छजना बेपत्ता भएका छन् । बेपत्ताको खोजी जारी रहेको प्रहरीले जनाएको छ। विपद्मा परी एक सय ५६ जना घाइते भएका छन्।

बाढीका कारण जम्मा एक सय ८४ घर डुबानमा परेका छन् भने दुई सय ३८ घर, ८६ गोठ, ४३ पुल, दुई विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ। विपद्का घटनाबाट चार हजार ३० घरपरिवार विस्थापित भएका छन्।



**कास्कीमा विपद्का घटनामा परेर १४ जनाको मृत्यु, चार करोड बढीको क्षति**

यस वर्षको मनसुन सुरू भएपछि पहिरामा परेर कास्कीमा हालसम्म १४ जनाको मृत्यु भएको छ । घटनामा छजना घाइते भएका छन्। यसबीचमा जिल्लामा बाढीपहिराका ३३ र अविरल वर्षाका ६१ वटा घटना घटेका प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयकानुसार विपद्मा परेर पोखरा महानगरपालिकामा १२ र मादी गाउँपालिकामा दुईजनाको मृत्यु भएको हो । पोखरा महानगरपालिका-१९ पुरुनचौर तल्लाकोटका गत असार २७ गतेको पहिरामा परी स्थानीय कुलबहादुर परियारको परिवारका छसहित सात जनाको ज्यान गएको थियो। पहिरामा परेर कुलबहादुरसहित उहाँका आमा ८५ वर्षीया लक्षिमा, पत्नी ४३ वर्षीया मनकुमारी, छोरी १५ वर्षीया प्रशना, २० वर्षीया प्रभा र ज्वाइँ २५ वर्षीय अस्मित परियार तथा छिमेकी ५६ वर्षीया राधिका परियारको मृत्यु भएको थियो।

यसैगरी सोही रात पोखरा महानगरपालिका-३२ चैनपुरस्थित बाहृविसेमा ४० वर्षीया आरती ओझ्रोको घर पहिरामा पुरिदा १८ वर्षीया अनिता ओझा, ११ वर्षीया अनुष्का ओझा र नौ वर्षीय प्रतिक सुवेदीको मृत्यु भएको थियो । यसैगरी असार २७ गते राति मादी गाउँपालिका-११ ताप्लेमा गएको पहिरामा परेर ८० वर्षीया माइतीकुमारी गुरुङको ज्यान गएको थियो।

गत असार २६ गते पोखरा महानगरपालिका-२७ का २२ वर्षीय भीमबहादुर थापाको घरमै सुतेको अवस्थामा पहिरामा परेर निधन भएको थियो। गत असार १२ गते रातिको घटनामा कास्कीको मादी गाउँपालिका-५ चितेपानीकी १३ वर्षीया आयुस्मा रानाभाटको मृत्यु भएको थियो। सोही दिनको घटनामा पोखरा महानगरपालिका-२७ आरुपाटाका ३१ वर्षीय हरि सुनारका छोरा तीन वर्षीय अनमोल सुनारको पहिरामा परेर ज्यान गएको थियो । यसैगरी अविरल वर्षाका कारण दुईजना घाइते भएका छन्।

प्रहरीकानुसार पहिराका कारण जिल्लामा १४ वटा घर पूर्ण क्षति र नौ वटामा आंशिक क्षति पुगेको छ। पहिराका कारण एकवटा चौपाया मरेका र चार वटा घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले जानकारी दिनुभयो । यस्तै वर्षाका कारण पाँचवटा चौपायाको मरेका, दुईवटा घाइते तथा एक हजार नौ सय २० वटा पंक्षी मरेका पनि शर्माले जानकारी दिनुभयो । विपद्बाट जिल्लामा अन्दाजी रु चार करोड आठ लाख ८१ हजारभन्दा बढीको सम्पत्तिमा क्षति भएको छ।रासस

# मौद्रिक नीति तुलनात्मक रुपमा केही लचक छ : चेम्बर आफ कमर्स

काठमाण्डु। नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति तुलनात्मक रुपमा केही लचक आएको टिप्पणी गरेको छ। नेपाल राष्ट्र बैङ्कले आज सार्वजनिक गरेको मौद्रिक नीतिका केही पक्ष सकारात्मक र केही विषय अझै सम्बोधन हुन नसकेको चेम्बरले जनाएको हो।

शुक्रबार एक विज्ञप्ति जारी गरी चेम्बरले मौद्रिक नीतिमार्फत बैङ्कदर र नीतिगत दर घटाइएको विषयलाई सकारात्मक रूपमा लिएको जनाएको छ । विज्ञप्तिमा प्रभावकारी समन्वयमार्फत अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने जनाएको छ । असल कर्जामा गर्नुपर्ने विद्यमान एक दशमलव २० प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई घटाएर एक दशमलव १० प्रीतिशत कायम गरिनुपर्ने व्यवस्था सकारात्मक रहेको चेम्बरको ठहर छ ।

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैङ्किङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्नेलगायत व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा




भनिएको छ, "बैङ्क दरलाई सात प्रतिशतबाट छ दशमलव पाँच प्रतिशत र नीतिगत दरलाई पाँच दशमलव पाँचबाट पाँच प्रतिशत कायम गरिएको छ। यसले ब्याजदर घटाउन सहजता प्रदान गर्नेछ।"


निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाका लागि मौद्रिक नीतिमा गरिएका व्यवस्थाहरू पनि सकारात्मक रहेको उल्लेख गर्दै चेम्बरले चालु आवको बजेट र मौद्रिक नीतिको सूचना तथा कालोसूचीसम्बन्धी निर्देशिकामा पुनरावलोकन गरिने व्यवस्था सकारात्मक रहेको विज्ञप्तिमा उल्लेख छ।

संस्थागत शेयर कारोबारलाई प्रोत्साहन गर्न हाल कायम रु २० करोडको कर्जा सीमा हटाउने पक्ष सकारात्मक भए पनि रु ५० लाखभन्दा माथिको कर्जा प्रवाहको जोखिमभार शत्प्रतिशत कायम गरिनुपर्ने माग सम्बोधन हुन नसकेको चेम्बरले गुनासो गरेको छ। रासस

# कार्यक्रममा समावेश हुन थालेको आठ वर्षपछि ठेक्का सम्झौता

म्याग्दी । म्याग्दीको बृहत् घोप्टेखोला खानेपानी आयोजना वार्षिक बजेटमा समावेश हुन थालेको आठ वर्षपछि कार्यान्वयनका लागि ठेक्का सम्झौता भएको छ। सङ्घीय सरकारको खानेपानी मन्त्रालयको वार्षिक कार्यक्रममा विसं २०७३ देखि समावेश भएको म्याग्दीका दुईवटा स्थानीय तहका छ वडाका दुई हजार पाँच सयभन्दा बढी परिवारलाई लक्षित गरी निर्माण गरिने भनिएको आयोजना हालै ठेक्का सम्झौता भएपछि निर्माणको चरणमा प्रवेश गरेको हो।

सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीका प्रमुख सुनम थापाले रु ३५ करोड ६३ लाख ३९ हजार सात सयभन्दा बढी लागत अनुमान गरिएको योजना जिएटिआरसी-प्यागोडा-सासा जेभीसँग रु २८ करोड ५० लाख १२ हजार सात सय ५५ मा ठेक्का सम्झौता भएको जानकारी दिनुभयो। छवटा निर्माण कम्पनी सहभागी ठेक्का प्रतिस्पर्धामा योग्य ठहर भएका पाँचमध्ये सबैभन्दा कम रकम कबोल गरेको कम्पनीसँग विसं २०८१ असार २४ गते सम्झौता भएको हो। आयोजना विसं २०८४ असार २३ गते सम्पन्न गर्ने लक्ष्य छ । आयोजनाका लागि गत आवमा रकमान्तरसहित आएको रु दुई करोड ८० लाख र यस यसवर्ष रु तीन करोड विनियोजन गरिएको छ।



बेनी-५, ६, ९, १० का विभिन्न बस्ती, रघुगङ्गा गाउँपालिका-६ पाखापानी र वडा नं ५ झीलाई लक्षित गरी विसं २०७३ मा परिकल्पना गरिएको आयोजनाको निर्माण गर्न पछिल्लोपटक सन् २०२२ मा सर्वेक्षण भएको थियो । योजनालाई तत्कालीन जिविसको जिल्ला परिषद् र सङ्घीयता कार्यान्वयनपछि जिल्लासभाले म्याग्दीको गौरवको आयोजनाको सूचीमा राखेको छ।

दुई हजार तीन सय ६९ घरधुरीमा खानेपानी वितरण हुने आयोजनामार्फत १६ हजार एक सय ८६ जनसङ्ख्या लाभान्वित हुने आयोजनाका इञ्जिनियर नवीन सुवेदीले बताउनुभयो। ठेक्का सम्झौता गरेका व्यवसायीले पाइपलगायत निर्माण सामग्री खरिद गरेका र आगामी भदौ महिनादेखि काम थाल्ने तयारी भएको उहाँले जानकारी दिनुभयो।

रघुगङ्गा-६ पाखापानीको करेन्टखोलाको मुहानबाट पाइपलाइनमार्फत ल्याइएको पानीलाई ट्याङ्कीमा सङ्कलन गरेर पाइपमार्फत पाखापानी र त्यहाँबाट झी, पाल्लेखेत, घतान, पुलाचौर हुँदै अर्थुङ्गे क्षेत्रसम्म विस्तार गर्ने योजना रहेको उपभोक्ता समितिका अध्यक्ष भेषकुमार शेरपुञ्जाले बताउनुभयो।मुहान, ७६ दशमलव २९ किलोमिटर मुख्य र ८६ दशमलव २४ किलोमिटर वितरण पाइपलाइन, पानी प्रशोधन पलान्टलगायतका संरचना ठेक्कामार्फत निर्माण गर्न लागिएको हो। आयोजनामा उपभोक्ताहरूको १० प्रतिशत लागत सहभागिता रहनेछ।

म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा (खम्बिर) ले घोप्टेखोला खानेपानी आयोजनाका लागि आवश्यक बजेटको स्रोत सुनिश्चितता भएपछि करिब एक दशकको प्रयासमा कार्यान्वयनको चरणमा प्रवेश गरेको उल्लेख गर्नुभयो । "रु ४८ करोड लागत अनुमान गरिएको योजनालाई खानेपानी मन्त्रालयले वार्षिक कार्यक्रममा समावेश गरे पनि विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) स्वीकृत र बजेटको स्रोत सुनिश्चितता नहुँदा कार्यान्वयन हुन सकेको थिएन", उहाँले भन्नुभयो, "गत फागुनमा अर्थ मन्त्रालयले रु ३७ करोड बजेटको स्रोत सुनिश्चितता गरेपछि ठेक्का आह्वान गरेर कार्यान्वयन चरणमा प्रवेश गरेको हो।"रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : वाद विवादबाट बच्नु। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पारिवाहिक सुख। |
| मीन | : धन वृद्धि सञ्चय। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको राजविराजको जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउने सर्वसाधारण भीड । तस्बिरः रासस

# सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्रको बैठक सम्पन्न

काठमाण्डु । सङ्क्रमणकालीन न्याय सम्बन्धित गठित संयन्त्रको बैठक सकिएको छ। आज बिहान सिंहदरबारस्थित गृह मन्त्रालयमा बसेको संयन्त्रको बैठकमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमाथि सहमति जुटाउने विषयमा छलफल भएको हो ।



बैठकपछि सञ्चारकर्मीसँगको कुराकानीमा संयन्त्रका सदस्यसमेत रहनुभएका नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले विधेयकमाथि सैद्धान्तिक सहमति जुटेको बताउनुभयो ।

“सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमाथि हामीले सैद्धान्तिक सहमति जुटाएका छौँ । यस विषयमा आगामी सोमबार सरोकार भएकासँग छलफल गर्नेछौँ । त्यसपछि संयन्त्रको बैठक बसेर यसलाई अन्तिरुप दिने सहमति भएको छ”, उहाँले भन्नुभयो ।

यस्तै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मुख्य सचेतक महेश बर्तौलालेपनि सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकका विषयमा आगामी सोमबार सरोकार भएकासँग सुझाव लिएर अन्तिमरुप दिनेगरी शुक्रबारको बैठक सकिएको जानकारी दिनुभयो । “हामी यो विषयलाई अन्तिम रुप दिँदैछौँ।

अन्तिम ढाँचा तयार गर्न आवश्यक पर्ने केही सुझाव सोमबारसम्म लिन्छौँ । परामर्शपछि कार्यदलको अन्तिम बैठक बसेर टुङ्ग्याउँछौँ”, उहाँले भन्नुभयो ।

पीडितमैत्री, सर्वोच्चको फैसला र अन्तर्राष्ट्रिय कानुनलाई आधार बनाएर विधेयकमा सहमति जुटाउने बर्तौलाले बताउनुभयो । अर्को बैठकपछि अन्तिम बैठक बसेर प्रतिवेदन प्रधानमन्त्रीसहित शीर्ष नेताहरुलाई बुझाउने उहाँले उल्लेख गर्नुभयो ।

संयन्त्रमा नेपाली कांग्रेसबाट गृहमन्त्री रमेश लेखक, एमालेबाट मुख्यसचेतक बर्तौला र माओवादी केन्द्रबाट उपमहासचिव शर्मा सहभागी हुनुहुन्छ ।रासस

# ‘सहकर्मी गुमाउँदा अत्यन्त मर्माहत’

काठमाण्डु । सौर्य एयरलाइन्स प्रालिले स्थापनाकालदेखि परिवारको रुपमा काम गर्दै आएका मित्र एवम् सहयोगीहरुको विमान दुर्घटनामा निधन भएकोप्रति मर्माहत र भावविह्वल भएको जनाएको छ।



सौर्य एयरलाइन्सका अध्यक्ष दीपककुमार पोखरेलले शुक्रबार विज्ञप्ति जारी गर्दै दुर्घटनामा परी ज्यान गुमाउने प्रतिष्ठित तथा विज्ञहरुको क्षतिबाट कम्पनीले मात्रै नभई परिवार, समाज र राष्ट्रसमेतले ठूलो क्षति व्यहोरेको उल्लेख गर्दै यस दुःखद् घडीमा शोक सन्तप्त परिवार र आफन्तजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्नुभएको छ।


पीडित परिवारजनलाई कम्पनीको तर्फबाट हुन सक्ने सम्मको सहयोग, साथ र सदभाव सधैँ रहने एयरलाइन्सले विज्ञप्तिमार्फत् जनाएको छ। “सौर्य एयरलाइन्सको व्यावसायिक विकास र विश्वसनियता आर्जनका लागि उहाँहरुले निष्ठापूर्वक पु-याउनुभएको साथ, सहयोग र योगदानको उच्च कदर गर्दै यस संस्थाले सधै जीवन्त एवं चिर स्मरणीय इतिहासको रुपमा संरक्षण गर्ने विश्वास व्यक्त गर्दछौँ”, विज्ञप्तिमा भनिएको छ।

कम्पनीले विमान दुर्घटनामा परी बाँच्न सफल क्याप्टेन मनीषरत्न शाक्यको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । यही साउन ९ गते बुधबार सौर्य एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना हुँदा विमानमा सवार चालकदलका सदस्यसहित १९ मध्ये १८ जनाको मृत्युभएको थियो ।

सो दुर्घटनामा क्याप्टेन मनिषरत्न शाक्य बाँच्न सफल हुनुभएको छ । दुर्घटनाका घाइते क्याप्टेन शाक्यलाई तत्काल उद्धार गरी सिनामङ्गलस्थित काठमाडौँ मेडिकल कलेजमा ल्याई सघन उपचार कक्षमा उपचार गरिएको थियो । अहिले क्याप्टेन शाक्यको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।रासस

# राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् उपाध्यक्षमा नेपाल निर्वाचित

काठमाण्डु । नेपाल संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्(इकोसक)को एसिया-प्रशान्त क्षेत्रको उपाध्यक्ष निर्वाचित भएको छ।



राष्ट्रसङ्घका प्रमुख छ अङ्ग मध्येको एक निकाय इकोसकको उपाध्यक्षमा नेपाल चयन हुनु राष्ट्रका निम्ति गौरवको विषय भएको पूर्वराजदूत सुन्दरनाथ भट्टराईले बताउनुभयो।

शान्ति स्थापना कार्यलगायत राष्ट्रसङ्घमा नेपालको रचनात्मक भूमिका तथा यो विश्व संस्थाको उद्देश्य र सिद्धान्तप्रतिको निष्ठाका कारण उक्त पदमा मुलुक निर्वाचित भएको उहाँले बताउनुभयो ।

चवन्न सदस्यीय इकोसकमा नेपालको नेतृत्व संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले गर्नुहुनेछ । आगामी वर्ष नेपाल एसिया -प्रशान्त क्षेत्रको अध्यक्ष हुनेछ। परिषद्मा नेपालसँगै पोल्याण्ड र कोष्टारिका पनि उपाध्यक्ष निर्वाचित भएका छन् । पूर्वी युरोपेली देशबाट पोल्याण्ड र ल्याटिन अमेरिकी एवं क्यारेबियन मुलुकहरूबाट कोष्टारिका चुनिएको संयुक्त राष्ट्रसङ्घीय सूचना केन्द्रले जनाएको छ। परिषद्को अध्यक्षमा क्यानडा निर्वाचित भएको छ । केन्द्रका अनुसार अफ्रिकी देशहरूबाट निकट भविष्यमा उपाध्यक्ष चयन गरिने छ।

यसैबीच, राजदूत थापाले दिगो विकासका लक्ष्य हासिल गर्ने दिशामा परिषद्को कार्यादेशअनुसार सबै सदस्य राष्ट्रसँग निकट सम्पर्कमा रहेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। अघिल्लो वर्षको जुनमा एसिया-प्रशान्त क्षेत्रबाट सर्वाधिक मत प्राप्त गरी सन् २०२४-२०२६ का लागि नेपाल परिषद्को सदस्य निर्वाचित भएको थियो । सामाजिक-आर्थिक विकासका माध्यमबाट समृद्धि हासिल गर्ने उद्देश्यले राष्टसङ्घको वडापत्रअनुसार सन् १९४५ मा परिषद् स्थापना भएको हो ।रासस

# अवैध रूपमा भिओआइपी सञ्चालन गर्ने दुई पक्राउ



काठमाण्डु । अवैध रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाइपास (भिओआइपी) सञ्चालन गरेको अभियोगमा काठमाडौँबाटप्रहरीले दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोकको लिशखुपाखर गाउँपालिका-५ घर भई बनस्थली बस्ने ४० वर्षीय भुपेन्द्र श्रेष्ठ र झापा गौरीगन्ज गाउँपालिका-४ घर भई कपन बस्ने २४ वर्षीय खुमप्रसाद गिरी रहेका छन् ।

सरकारको कुनै पनि निकायबाट अनुमति नलिई गैरकानुनी रूपमा भिओआइपी सञ्चालन गरिरहेको भन्ने सूचनाका आधारमा नेपाल टेलिकम र एनसेलको प्राविधिक सहयोगमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

प्रहरीले वनस्थली खरिबोटस्थित भुपेन्द्रको घरबाट भिओआइपीमा प्रयोग गरिएका विभिन्न उपकरण, राउटर एक थान, आठ पोर्टको भिओआइपी गेटवे एक थान, इन्भर्टर एक थान, ब्याट्री एक थान, नेपाल टेलिकमको सीमकार्ड एक थान र एनसेलको सीमकार्ड नौ थान बरामद गरेको छ ।उनीहरूमाथि दूरसञ्चार ऐन, २०५३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौँबाट पाँच दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।रासस

# मौद्रिक नीतिले समर्थन र स्वागत पाएको छः प्रधानमन्त्री

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल राष्ट्र बैंकद्वारा शुक्रबार सार्वजनिक मौद्रिक नीतिले बजारमा समर्थन र स्वागत पाएको बताउनुभएको छ। शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राष्ट्रिय योजना आयोगका नवनियुक्त उपाध्यक्ष प्रा डा शिवराज अधिकारीको सपथ समारोहमा उहाँले उक्त भनाइ राख्नुभयो।

“आज सार्वजनिक मौद्रिक नीतिले बजारमा समर्थन र स्वागत मिल्नु राम्रो कुरा हो। हामीले अब तीव्र गतिका साथ काम गरेर सबै नेपालीको क्षमता वृद्धि गर्नुपर्छ”, आयोगका नवनियुक्त उपाध्यक्ष तथा सदस्यहरुलाई बधाई र शुभकामना दिँदै उहाँले भन्नुभयो, “तपाईंहरुको कार्यकाल देशको समग्र विकासको योजना कार्यान्वयनमा नमूनायोग्य बन्न सकोस्। नयाँ उचाई हासिल हुन सकोस्।”

प्रधानमन्त्री ओलीले मुलुकको मनोबल कमजोर भएका बेला १६औँ आवधिक योजना बनेकाले समृद्ध नेपालका हाम्रा नीति, योजना र गन्तव्यलाई बहुपक्षीय योजनासँग तालमेल गरेर जानुपर्नेमा जोड दिनुभयो ।रासस


आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।





प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)


## श्री धनुषा जनता (प्रा.तथा व्या. शिक्षा) मा. वि.

धनुषाधाम नगरपालिका, धनुषा

### शिक्षक भर्ना सम्बन्धी सूचना

धनुषाधाम नगरपालिका धनुषाको च.न. २६ र २७ मिति २०८१/०४/१० अनुमति र सिफारिश तथा शिक्षा विकास तथा समन्वय इकाई धनुषाको च.न. १०८ मिति २०८१/०४/११ को अनुमति एवम यस विद्यालयको विद्यालय व्यबस्थापन समितिको मिति २०८१/०४/११ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपसिलका शिक्षक पदहरुमा करार सेवामा शिक्षक पदपुर्ति भएकोले इच्छुक एवम मिति २०८१/०२/२८ गते प्रकाशित विज्ञापनमा परेका पुरानो आवेदनहरुलाई पनि मान्य हुने गरी आजको मितिले १५ दिन थप म्याद भित्र योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | प्रकार | विषय | तह र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/२०८०/०८१ | अस्थायी करार | अंग्रेजी | मा.शि.द्वि (MEd MA) वा सो सरह | १ | शि.वि.तथा स.इ. च.नं. १०८ अनुसार |
| २ | ०३/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | मा.शि.द्वि (ME) वा सो सरह | १ | धनुषाधाम न.पा. च.नं. २६ अनुसार |
| ३ | ०४/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | नि.मा.शि.तृ (overseer) वा सो सरह | १ | धनुषाधाम न.पा. च.नं. २६ अनुसार |
| ४ | ०५/२०८०/०८१ | अस्थायी करार | भौतिक विज्ञान | मा.शि.द्वि (MSc Physics) वा सो सरह | १ | धनुषाधाम न.पा. च.नं. २६ अनुसार |
| ५ | ०६/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | मा.शि.तृ (BE) वा सो सरह | १ | धनुषाधाम न.पा. च.नं. २६ अनुसार |

**१ न्यूनतम शैक्षिक योग्यता** :-

क. **मा.शि.द्वि** – अंग्रेजीका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट MEd/MA कम्तिमा द्वितीय श्रेणीमा उतिर्ण गरेको माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

ख. **प्रशिक्षक मा.शि.द्वि** – इलेक्ट्रीकल विषयमा ME उतिर्ण गरी NEC मा दर्ता भएको र BE उतिर्ण लाई कम्तिमा २ वर्षको कार्य अनुभव भएको ।

ग. **प्रशिक्षक मा.शि.तृ** – इलेक्ट्रीकल विषयमा BE उतिर्ण गरी NEC मा दर्ता भएको र कम्तिमा १ वर्षको कार्य अनुभव भएको ।

घ. **प्रशिक्षक मा.शि.द्वि** – (भौतिक विज्ञान) भौतिक विज्ञान लिइ MSc वा सो सरह गरी अध्यापन अनुमति पत्र भएको ।

ङ. सह प्रशिक्षक (नि.मा.तृ) इलेक्ट्रीकल विषयमा Diploma in Electrical Engineering वा सो सरह ।

**नोट** : वैदेशिक प्रमाण पत्रको हकमा समकक्षता प्रमाण पत्र पेश गर्नुपर्ने ।

२. उमेर २१ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।

३. निवेदन दस्तुर सहायक प्रशिक्षकका लागि रु. २०००।- अक्षरेपी रु दुई हजार मात्र । र मा.शि. प्रशिक्षकका लागि रु. ३०००।- अक्षरेपी र तिन हजार मात्र । साथै यस विद्यालयको नाममा रहेको सिटिजन्स बैंकको खाता नं. १०३०१००००००७१२०१ मा दाखिला गरी सक्कल भौचर निवेदन साथ विद्यालयमा पेश गर्नुपर्ने छ ।

४. निवेदन दिने मिति २०८१/०४/११ गते देखि २०८१/०४/२५ गते बेलुका ४:०० बजे सम्म ।

५. स्थान श्री धनुष जनता मा.वि. धनुषाधाम न.पा. -३ धनुषाधाम विद्यालयको समयमा ।

६. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, सम्पूर्ण शैक्षिक योग्यताहरुको प्रमाण पत्रको प्रतिलिपिहरु, स्थायी अध्यापन अनुमति पत्र/NEC दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

७. परीक्षाको किसिमः- लिखित, मौखिक र प्रयोगात्मक शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम अनुसार ।

८. सर्म्पक मिति पछि प्रकाशन गरिनेछ ।

९. सर्म्पक नम्बर ९८६२०८२७८२, ९८०७६९७६६५, ९८१५८१०५५५

**नोट**: वि.न. १/२०८०/०८१/, वि.नं. ०७/२०८०/०८१ र वि.नं. ०८/२०८०/०८१ अर्को सूचना प्रकाशन नहुन्जेल सम्मको लागि स्थगित गरीएको छ ।

**प्रधानध्यापक**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## "मेरो जीवन"

जीवन मेरो हतास भयो ।
कहिले पानि संग भेट नभएको प्यास भयो ।
खुसिले झुमदै , नाच्दै-खेल्दै गरेको चहकिलो अनुहार आज
ढ्लिरहेको रात भयो । जीवन मेरो अन्धकार भयो ।
सुर्यसंगै उगिरहेको मेरो जिवनको सपनाहरू
आज डुबिरहेको चान्द भयो ।
बिहान हुन लागेको त्यो रात
मेरो जिवनको बिकराल काल भयो ।
काल यस्तो मेरो खुसिको मुहान खोस्यो ।
मेरो परिवारको अहार खोस्यो ।
जिन्दगीको साटोमा , यो बिरानो बाटोमा आस दिने ज्यान भन्दा
प्यारो मान्छेको साथ खोस्यो ।।
एक छिनमै जिन्दगी मेरो कैसेले मन नपराउने अभ्यास भयो ।
परिवार मेरो अनाथ भयो ।।
पीडा यस्तो बिर्सी नै पहार भयो ।
जीवन मेरो घटिरहेको आयु झै ह्रास भयो।
दिनसंगै समय बदलियो ।
आफ्न्त र सम्बन्ध नै बदलियो ।
बिरानो संसारमा खुसी खोज्न टल -टहलिए
जिन्दगी मेरो अन्धकार भयो ।
कसैले न पढने किताब भयो ।
जीवन मेरो हतास भयो ।।।



**लेखक : करन कुमार मण्डल (शिबदेव)**
**ठेगाना : हाँसपुर ना.पा ०९ मोरहा - रुदौली**

## ।। म चोर छु ।।

मैले पहिलो पल्ट कलम समाएको
त्यो दिन मलाई याद छ ,
आज लतमा फसेर रचना सित , नछुटिने नशा
अझै लागेको छ
आफू लेख्न सक्ने जति , साच्चिकै मनले लेख्छु
तर म कवि होइन !
किनकि म चोरी गर्ने चोर छु ।
अरूको मनको भाव चोरेर , प्रेमको अर्थ बुझाउन सक्छु
कसैको पीडालाई सहन नसकेर , आँसुको कहानी लेखिदिन्छु ।
सुन्दर हिमालले लुकाएको हाँस्ने जादूलाई चोरेको छु
कलकल बग्ने पानीको गीतका लयहरुलाई आफ्नो बनाएको छु
प्रकृति आमासँग रहेको गर गहनाको ,प्राण समेत चोरेको छु
त्यसैले लेखेका शब्दहरू सँग म पनि जीवित छु।
मेरो पनि आफ्नै एउटा संसार छ
जसमा मेरा कयौ साथीहरु, म जस्तै बहुला नै छ
किन कि यिनीहरूलाई रचनाको नशा अझै सम्म उत्रेको छैन
म फेरि पनि कवि होइन
चोर भएपनि इमान्दार छु , कुनै वस्तुको त होइन
तर भावना पोख्ने निम्ति त्यसको लोभ छ ।
सपना चोरेपछि विपनामा कहाँ भेटाए मैले
मैले नदेखेको दृश्यहरु पनि लेखे
मैले नसुनेका कथाहरु पनि थपे
त्यसैले म कवि होइन
किनकि म कविता लेख्दिन
केवल चोरेको भावना मात्र शब्दमा सजाउँछु ।



**नाम : नरेन्द्र नाथ साह**
**ठेगाना : औरही गा. पा. - ०३ , कपटौल**
**अध्यनरत : मोडेल मल्टिपल कलेज जनकपुर (बाणिज्य संकाय बिद्यार्थी)**

## ।। ब्यर्थ नगरौं जीवन।।

जीवन सुखदुःख ले भरिएको एउटा सुन्दर यात्रा , ईस्वर द्वरा दिएको अमुल्य वर्दान हो , आमाबाको आशीर्वाद हो ब्यर्थ नगरौं हामी आफ्नो जीवन प्रकृतिको यो एउटा अन्मोल उपहार हो ।।

बाटो भरी छरिएका जाहा समस्या अनेक हुन्छन साथै लुकेको पछारी त्यस्को हल हुन्छन , तैपनी मानवलाई सताएको सधैं डर हुन्छ ।।

हाँसी खुसीले बाचौ सबै एकआपसमा एकता र प्रेम गाँसौ किनकि जीवन कसैको अजम्बरी छैन , एकनास सधैंभरी हुदैन , घमण्ड ईर्ष्या के को गर्छौ ? मायावी सन्सार जुनीभरी हुँदैन । कसैको लासमा माया हुँदैन शम्शानघाटमा रोजी हुँदैन , किन एकआपसमा लड्ने गर्छौ मृत्युपछि कसैको खोजी हुदैन ..

यो जिवनले हामीलाई पाप र पुण्यको भागिदार बनाउँछ द्वेष कलह्को सिकार बनाउँछ त्यसैले घमण्ड , ईर्ष्या, झैझगडा नगरौं मरेर लानु केहि छैन , अतिथी छैनौ धेरै दिनको, बास छ केवल दुई दिनको , जति जे भए पनि खाने भातै हो सुत्ने खाटै हो र अन्त्मा जाने घाटै हो ।।

जीवन सुखदुःख ले भरिएको एउटा सुन्दर यात्रा , ईस्वर द्वरा दिएको अमुल्य वर्दान हो , आमाबाको आशीर्वाद हो ब्यर्थ नगरौं हामी आफ्नो जीवन प्रकृतिको यो एउटा अन्मोल उपहार हो ।।



**लेखक :आदित्य झा**
**कक्षा:१०, श्री राष्ट्रिय माध्यमिक बिद्यालय, जनकपुर-१०, रुपैठा**

## ।। देशक अवस्था ।।

चोर फटहा सरकार भेलै
देशक अवस्था खराब भेलै
केकरा पर आब करब भरोसा
जब मान्य ज्यु गजदार भेलै
बेरोजगारी के कारण युवा युवती
दिन दिने विदेश प्लान होइ छै
गाउँ घर देखु सुन सान भेलै
कहियो गाड़ी दुर्घटना कहियो
प्लेन दुर्घटना अकाल मे
सर्व साधारण जनता के
जान गेलै
नेता सब कुर्सी लेल लरै छै
सदन मे आई काल्हि
देश देखु केहन कंगाल भेलै
जे करै दिन राईत मेहनत मजदूरी
तेकरा नै उन्नति प्रगति छै
नेता के चम्मचा गीरी कर बला
मलामाल भेलै



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

## ।। आज को मंगलमय यात्रा ।।

आजको यो मंगलमय यात्रा, खुशीले भरियो
सपनाको संसारमा, आनन्दले रंगियो।
सुर्यको किरणले सजायो बिहानलाई
अन्धकार हटायो, उज्यालो फैलायो।
साथीहरूको साथमा, हाँसोले गुञ्जायो
जीवनको यात्रामा, उमंगले सजायो।
सम्झनाका यादहरू, मनमा रहिरहोस्
मंगलमय यात्रा, सदा सुन्दर बनिरहोस्।
शान्तिको झिल्को, हृदयमा छायो
प्रेमको सुगन्धले, वातावरण महकायो।
आजको यो यात्रा, सधैं याद रहोस्
जीवनको हर पल, यसै गरी सजीव रहोस्।
र यो यात्रा मा सहभागी मेरो साथी चन्दन,
विजय, partyanch, रुपेश, बब्लु हरु छन्।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा. ०७**

## ।। म लापता बस यात्रु ।।

खसेको त हामी खसेकै हो
तिमी जहाजबाट खस्यौ,
म चाहिँ बसबाट।।
मर्न त हामी दुबै मरेकै हौँ
तिमी जलेर मर्यौ,
म चाहिँ डुबेर।।
तिमि दश मिनेटमै भेटेको थियो
हामी सायदै भेटाउँला।
रुन त हामि दुबैको परिवारले रोएको छ
तिम्रो चाहिँ लास पाएर,
मेरो परिवार लास हराएर रोएँछ।
फरक यति मात्रै भयो कि
तिमीले पाँच हजारको टिकट काटेको थियो,
मैंले चाहिँ मात्रै रु. दश को ।।
सायद यहि भएर होला
यति दिन पहिला त्रिशुलीमा बस खस्दा
अहिलेसम्म बसै खोज्न चुक्दो रहेछ।
अनि हिजोपर्सि नै विमान दुर्घटना हुँदा,
दुर्घटनामा मर्नेहरुको सम्मानमा आजको दिन
हाम्रो आधि झण्डा झुक्दो रहेछ।
कोहि मर्दा राष्ट्रिय तहको सम्मान
कोहि मर्दा कतै सान्त्वनाको नामचर्चा पनि नगरिने।
आखिरमा एउटै देशको नागरिकको
मृत्युमा पनि यति भेदभाव,किन?



**लेखक :सोनु कुमार यादव**
**ठेगाना: पो.सँग्रामपुर,सम्सी-५, महोत्तरी**
**अध्यनरत : मोडेल मल्टिपल कलेज जनकपुर (बाणिज्य संकाय बिद्यार्थी)**

## ।। विमान दुर्घटना र बस दुर्घटना ।।

खसेको त हामी दुबै थियौ
तिमी जहाज बाट खस्यौ, म बस बाट।
मरेका त हामी दुबै थियौ,
तिमी जलेर मर्यौं, म डुबेर।
तिमी ज्ञण मिनेटमा भेटियौ, मलाई सायदै भेटाउलान।
तिम्रो परिवार लास पाएर रोएको छ, मेरो लास नपाएर।
फरक त यत्ती भयो साब,
तिम्ले ५००० को टिकेट कटेको थियौ, मैले ५०० को



**नाम- अजय कुमार साह**
**जनकपुरधाम पुल्चोक १७**
**(कम्प्युटर साइन्स इन्जिनियरिङ )**

## ।। गाउँ के प्रेम ।।

कहियो छोइर नै देब सपना सजाक
प्रेम कैले छि अपना बनाक ।।
जनम जनम तक साथ नै छोरब
हम आहाक । अपन घर लजाइब
माइ के पुतौह बनाक ।।
जब जब भेलौ प्रेम आहा सँ
मन करैय घर सँ भगा लैती आहाक ।।
अपन गाउँ समजक छोइरक चुन्लौ
आहाक । जखन भेलौ प्रेम आहास ।।
आहाक संग हम कख्नो नै छोरब
मैर्तो दम तक वचन नै तोरब ।।
जखने देख्लौ हम आहाक
गाउँ मे भेलौ प्रेम आहा सँ ।।



**लेखक संजय मुखिया**
**ढुमरिया -१० धनुषा**
**रा.रा.ब (बि.एड फर्स्ट ईयर)**

## ।। मेरो राष्ट्र मेरो गौरव ।।

मेरो राष्ट्र, मेरो गौरव, उज्यालोको किरण,
स्वाभिमानले भरिएको, हाम्रो यो भूमि अति प्रिय।
पहाड, तराई, हिमाल, सबै मिलेर,
हाम्रो नेपाल, अद्वितीय सुन्दरताको श्रृंखला।
गुम्बा र मन्दिरका घण्टीहरू गुञ्जिन्छन्,
बुद्धको शान्ति, सगरमाथाको उचाइ।
सत्कर्म र साहसको गीत गाउँदै,
हाम्रो नेपाल, सधैं रहोस् सजीव र उज्यालो।
हामी वीर गोरखाली, हाम्रो गौरव,
रगतले लेखेको इतिहासको पाना।
स्वतन्त्रता र स्वाभिमानको धरोहर,
नेपाल हाम्रो माटो, हाम्रो आत्मा।
प्राकृतिक सुन्दरतामा अद्वितीय,
सपना बुनौं, समृद्ध नेपाल।
हाम्रो संस्कृति, हाम्रो सम्पदा,
मेरो राष्ट्र, मेरो गौरव, मेरो अभिमान।
प्रगतिको बाटोमा अग्रसर हुँदै,
शान्ति र सद्भावको सन्देश फैलाउँछौं।
हामी नेपाली, एकताको शक्ति,
मेरो राष्ट्र, मेरो गौरव, सधैं अमर रहोस्।



**विवेक साह**
**जनकपुरधाम ४ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (६ सेमेस्टर)**

## ।। दुर्घटना ।।

हामी ६५ मर्दा बाल भएन
सरकार निर्माणको चल्यो भोज
तिमी १८ मर्दा रतिभर ढिला भएन
राष्ट्रिय झण्डा झुक्यो घोषणा भयो शोक

तिम्रो दुर्घटना छिनमै देखिने, हाम्रो त अझै देखिएन
तिम्रो शोकमा झण्डा झुक्दा, मोरो पिडा कसो महशुस भएन
तिमि ठुलो बन्दा हामी सानो भएको आभास कहिल्यै भएन
फेरि पनि किन हाम्रो अस्तित्व तिमिलाई स्विकार भएन

जिवितमा जे जे गर्यौ सबै सहे असन्तुष्टि नि भएन
देशको नागरिक बन्न के के गरिन जे गर्दा नि भएन
मृत्यु पश्चात नि विभेद खै कहाँ गयो समानताको खोक
विभेदको पराकाष्ठामा पनि किन चुप छन सारा लोक
कागजको खोस्टामा समावेशी लेखेर
भेटिएन हाम्रो असमानताको भोक
मेटिएन हाम्रो असमानताको भोक



**लेखक शिव कुमार महतो**

## ।। गजल ।।

कखनो कनबै छैं कखनो हँसबै छैं जिनगी
कोल्हुँ'क बरद जहन नित बहबैं छैं जिनगी
मां कऽ सनेह,दुलार आ गामक यादमे नित
नयन'क नीर'स खाडी में नहबैं छैं जिनगी
मोन उथलपुथल तऽ कखनो बेचैन रहितो
नटुवा जहन सदैव नाच नचबै छैं जिनगी
पाबैन तिहार दशै,दिवाली,होरी छठि पुजा
मोनही मोन सदिखन मनबै छैं जिनगी
आश विश्वास आ टुटल मनक अभिलाषाक
माहुँर घोरी-घोरी पसेना संग पियबै छैं जिनगी



**उदगार यादव**
**मिथिला विहारी नगरपालिका,**
**सिरसिया-६(धनुषा धाम)**

## ।। सिभिल इञ्जिनियरको रमाइलो दिन ।।

रेखाहरू खिच्दै, नक्शा बनाउँदै,
सिभिल इञ्जिनियरले सधैं मोज गर्दै।
बाँध, पुल, सडक सबै बनायो,
तिघ्रोमा कागज च्यापेर दौडियो।
बेसमेन्टमा पानी पर्‍यो भने,
साह्रै गम्भीर अनुहार बनायो।
तर फेरी के, अक्कल लगायो,
समाधान भेटेर हाँसो उमार्यो।
कामको बीचमा कफीको चुस्की,
बनेको छ यहाँ सबैको दोस्ती।
हेलमेट र बुट लाएर,
साइटमा डान्स गर्दै रमायो र बगायो।
सीमेंट, बालुवा, र गिटीको खेल,
सबैका बीचमा ऊ छ एकल।
तर रात्रिको पार्टिमा उस्तै धूम,
जिन्दगीको मजा लिंदै, सधैं झूम।
मजदुरसँग रमाईलो गर्यो,
साइटमा चटनी, भलिबल खेल्यो।
सिभिल इञ्जिनियर, तिमी महान,
तिम्रो कामले यो देश भव्य बनायो।



**नाम:- त्रिजेप कुमार झा (सुमन)**
**लोहारपट्टि ०५- महोत्तरी**
**(सिभिल इन्जिनियरिङ)**

## ।। कारणत्व ।।

दुःखका कारण अपेक्षा ।
अपेक्षाका कारण अशिक्षा ।।
अशिक्षाका कारण अशान्ति ।
अशान्तिका कारण भ्रान्ति ।।
भ्रान्तिका कारण क्रोध ।
क्रोधका कारण अवरोध ।।
अवरोधका कारण अवचेतन ।
अवचेतनका कारण दुश्चिन्तन ।।
दुश्चिन्तनका कारण दुष्कर्म ।
दुष्कर्मका कारण मतिभ्रम ।।
मतिभ्रमका कारण अहम ।
अहमका कारण अधिक्रम ।।
अधिक्रमका कारण अतृप्ति ।
अतृप्तिका कारण विकृति ।।
विकृतिका कारण विमुख ।
विमुखका कारण दुःख ।।



**लेखक: राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा. पा.-१,सिनुरजोडा, धनुषा, नेपाल**

## ।। टेनसन ।।

कस्तो यो टेनसन
दुनियाले गर्दैन मेनसन
आफुखुशी बाँच्ने रहर
तर अरुलाइ भाछ टेनसन
कमाएर खानु छ
शिक्षा लिइ अघि बढनुछ
जहाँ देख्यो पैसाको कुरा
कस्तो यो टेनसन
दुनियाले गर्दैछन मेनसन
शिक्षा देखि मजदुरि
सबैमा छ पैसाको टेनसन
गर्नु पर्छ यसलाइ मेनसन
गरिखानु छ सबदिन
मरिजानु छ सबैलाइ एकदिन
पाप र पुण्यको भागि
एकदिन सबैलाइ बन्नुपर्छ
कस्तो यो टेनसन
गरौ सबैले यसलाइ मेनसन



**प्रमोद राम, जनकपुर धाम ९**

## ।। महादेव को दर्शन ।।

महादेवको दर्शन पाउँदा, हर्षले मन रमाउँछ,
शिवलिंगको पवित्र रूप, हेर्दा आत्मा नाच्छ।
तीन नेत्रको दिव्य ज्योति, भालमा चन्द्रको शीतलता,
गंगा झर्‍यो जटा बाट, पवित्रता को छ अनन्तता।
दमरुको नादले गुञ्जायमान, सम्पूर्ण ब्रह्माण्ड चल्छ,
नन्दीको साथ महादेव, कैलाशमा सबैलाई बल्छ।
महाकालको रूप हेर्दा, मृत्यु पनि नजिक लाग्छ,
भक्तिको गहिराइमा डुबेर, महादेवको सान पाउँछ।
आँखाको नानी भरेर, शिवको दर्शन गर्नु,
जीवन साकार हुन्छ, महादेवको आशिर्वाद पाउनु।



**लेखक :रशमी दनुवार**
**मोरङ्ग, नेपाल**

# दुई वर्षभित्र सबै नागरिकको घरमा विद्युत् सेवा : ऊर्जामन्त्री

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्काले दुई वर्षभित्र सबै नागरिकको घरमा विद्युत् सेवा पुऱ्याउने लक्ष्यसहित सरकार अगाडि बढेको बताउनुभएको छ ।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घको २० औँ स्थापना दिवसको अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खड्काले हाल ९८ प्रतिशत क्षेत्रमा विद्युतीकरण भइसकेकाले दुई वर्ष अगावै लक्ष्य भेट्नेगरी देशभर विद्युतीकरण गरिसक्ने बताउनुभयो ।"ऊर्जा क्षेत्रको विकासमा सरकारले राखेको लक्ष्य प्राप्त गर्नका लागि निजी क्षेत्रको साथ र सहयोग आवश्यक छ," उहाँले भन्नुभयो, "मुलुकको विद्युत् विकासको क्षेत्रमा सरकार निजी क्षेत्र मिलेर काम गर्नुपर्छ ।"



निजी क्षेत्रको समस्या समाधान हुनेगरी आफूले काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै ऊर्जामन्त्री खड्काले विद्युत् क्षेत्रलाई आफूले नजिकबाट नियालिरहेकाले आगामी दिनमा काम गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । ग्रामीण क्षेत्रबाट विद्युत् प्रयोग गरेवापतको ठूलो रकम उठाएर मुलुकलाई योगदान पुऱ्याएको भन्दै उहाँले सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घलाई धन्यवाद व्यक्त गर्नुभयो ।महासङ्घ नयाँ सोच र विचारका साथ परिस्कृत हिसाबले अगाडि बढ्नुपर्नेमा जोड दिँदै मन्त्री खड्काले सामुदायिक विद्युत् उपभोक्ता समितिलाई अगाडि बढाउन सरकार महासङ्घको साथमा रहेको बताउनुभयो ।

विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धितालले ग्रामीण क्षेत्रका जनतालाई गुणस्तरीय विद्युत् सेवा प्रदान गर्न महासङ्घले भूमिका खेल्नुपर्ने बताउनुभयो । उहाँले विद्युत् चुहावटको समस्यालाई रोक्नका लागि महासङ्घले खेलेको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।विसं २०६२ साउन ११ मा स्थापना भएको महासङ्घले जनताको प्रत्यक्ष सहभागीतामा सामुदायिक विद्युतीकरणको कामलाई अगाडि बढाउँदै आएको छ ।

महासङ्घका अध्यक्ष नारायण ज्ञवालीले चुहावट भएको विद्युत्लाई रोक्दै नेपालमा सामुदायिक विद्युतीकरणको अभियानलाई अगाडि बढाउन महासङ्घले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताउनुभयो ।महासङ्घले समुदायमार्फत हाल देशभरका ५५ जिल्लामा ३०२ संस्थामार्फत विद्युतीकरणको काम गर्दै आएको छ । महासङ्घले हालसम्म रु एक अर्ब ८० करोड विद्युत् प्रयोग गरेवापतको रकम समुदायबाट उठाएर सरकारलाई हस्तान्तरण गरिसकेको छ भने तीन हजार ५०० जनालाई रोजगार प्रदान गरेको छ ।

**विवाद चाँडो टुङ्ग्याइदिन आग्रह**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले 'डेडिकेटेड' र 'ट्रङ्क'लाइनको विद्युत् महसुलसम्बन्धी विवाद अध्ययन गरेर चाँडो टुङ्ग्याइदिन संसदीय समितिलाई आग्रह गर्नुभएको छ । प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको शुक्रबारको बैठकमा उहाँले महसुल विवादसम्बन्धी विषयलाई नेपाल विद्युत् प्राधिकरण र उद्योगीसँगको छलफलबाट टुङ्गोमा पुऱ्याइदिन आग्रह गर्नुभयो ।

"तत्कालका लागि तीन महिनाभित्र महसुलको विषय निरुपण गर्ने गरी लाइन जोडिएको छ, यो विषय जटिल र पेचिलो बनेको छ, समितिले छलफल थालिसकेको छ, समितिले चाँडो टुङ्ग्याइदिएपछि मन्त्रालयले आफ्नो काम गर्छ", मन्त्री खड्काले भन्नुभयो । प्रधानमन्त्री केपी शर्मा ओलीले उद्योगीबाट बक्यौता नउठाउने भनेर कहीँकतै नबोलेको जानकारी दिँदै उहाँले बक्यौता यकिन गरेर मात्रै लिइनुपर्नेमा सरकार स्पष्ट छ भन्नुभयो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कार्यपालिका (मन्त्रिपरिषद्)कोनिर्णय,न्यायपालिकाको आदेश र व्यवस्थापिका (समिति) को निर्देशनका आधारमा बक्यौता महसुल उठाउन लागिएको स्पष्ट पार्नुभयो । बक्यौता भुक्तानीका लागि उद्योगीलाई पटकपटक पत्र पठाउँदा पनि अटेर गरेपछि लाइन काटिएको जानकारी दिँदै उहाँले प्राधिकरणले पठाएको बिलविरुद्ध उद्योगी अदालत गएपनि विपक्षमा फैसला भएको तथ्य प्रस्तुत गर्नुभयो ।

समितिमा दुई दिनदेखि 'डेडिकेटेड' र 'ट्रङ्क'लाइनको विद्युत् महसुलसम्बन्धी विवादबारे छलफल भइरहेको छ । बिहीबार उद्योगी व्यवसायीसँग छलफल गरेको समितिले आज ऊर्जा मन्त्रालय, प्राधिकरण, विद्युत् नियमन आयोग र महालेखापरीक्षकको कार्यालयसँग छलफल गरेको थियो ।

छलफलपछि समिति सभापति ऋषिकेश पोखरेलले लामो समयदेखि विवाद रहेको उक्त विषयमा साझा निष्कर्ष निकाल्न चाहेको बताउनुभयो । "महालेखा, लाल आयोग, विभिन्न समितिका प्रतिवेदन, लेखा समितिको पूर्वनिर्णय, मन्त्रिपरिषद्को निर्णय, उद्योगी र प्राधिकरणको दाबी, विद्युत् नियमन आयोगको सुझावका आधारमा साझा निष्कर्ष निकालिनेछ", उहाँले भन्नुभयो । रासस

# नगर प्रमुखको निधनमा कांग्रेस सभापति देउवाद्वारा दुःख व्यक्त



काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले कीर्तिपुर नगरपालिकाका प्रमुख, कांग्रेस जिल्ला कार्य समिति काठमाडौँका उपसभापति एवं पूर्व क्षेत्रीय सभापति राजकुमार नकर्मीको निधनमा दुःख व्यक्त गर्नुभएको छ ।

सभापति देउवा शुक्रबार कीर्तिपुर नगरपालिकाको कार्यालय परिसरमा पुगेर नकर्मीको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, केन्द्रीय सदस्य एवं उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंह, पार्टीका केन्द्रीय सदस्यहरू, जिल्ला सभापति, जिल्लाका अन्य नेता एवं कार्यकर्ताहरू तथा स्वर्गीय नकर्मीका आफन्तजन अन्तिम श्रद्धाञ्जलीका लागि उपस्थित हुनुभएको थियो ।

उहाँको पार्थिव शरीरलाई आजै कीर्तिपुरको दिखु खोलामा दाहसंस्कार गरिएको छ ।

साउन १० गते नगरप्रमुख नकर्मीको निधन भएको हो ।

विसं २०२० असार २० गते बिहीबारका दिन जन्मनु भएका नकर्मीले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो ।

उहाँको निधनबाट कांग्रेसले एक अनुभवी नेतृत्वलाई गुमाएको शुक्रबार जारी गरेको शोक वक्तव्यमा उल्लेख छ ।

सभापति देउवाले उहाँको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै पार्टी सङ्गठन र नेपालको लोकतान्त्रिक आन्दोलनमा उहाँले पुऱ्याउनु भएको सक्रिय योगदानको स्मरण गर्नुभयो । उहाँले स्वा. नकर्मीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चीर शान्तिको कामना साथ शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्नु भएको पार्टीका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जारी गर्नुभएको वक्तव्यमा उल्लेख छ ।रासस

# जनता आशावादी हुनेगरी काम गर्छौं: मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले देशमा स्थायी सरकार आएकाले अब जनता आशावादी हुनेगरी काम गरिने बताउनुभएको छ ।



कम्प्युटर एसोसिएसन नेपाल महासङ्घ (क्यान) ले यहाँ आयोजना गरेको 'होरिअन बीटूबी समिट २०२४ इन एसोसिएसन विथ बार कोड नेपाल' कार्यक्रमको आज उद्घाटन गर्नुहुँदै उहाँले आफू पनि केही गर्ने उत्साहका साथ जिम्मेवारीमा आएकाले उत्कृष्ट कार्यसम्पादनका समन्वय र सहकार्यको भावनाले अगाडि बढ्ने बताउनुभयो ।

विकसित देशहरूमा सहकार्यका साथ मिलेर काम गर्ने संस्कृतिका कारण विकास सम्भव भएको उल्लेख गर्नुहुँदै हाम्रा युवाहरू पनि सोही कारण विदेश जान आकर्षित भइरहेका धारणा राख्नुभयो । मन्त्री गुरुङले छिमेकी चीनलगायत देश विकासको उचाइमा पुग्नाका कारण पनि त्यहाँको कर्मचारी संयन्त्र र सरकारबीच बलियो सहकार्य भएकाले हो भन्नुभयो । "विदेशमा सबै मिलेर काम गरौँ भन्ने संस्कार छ ।

त्यसैमा फड्को मारिरहेका छन् । हाम्रा युवाहरू पनि त्यतै पलायन भइरहेका छन्", उहाँले भन्नुभयो, "हामीले पनि सहकार्यको संस्कार विकास गर्न जरुरी छ ।"

मन्त्री गरुङले सूचना प्रविधिका क्षेत्रमा गर्नुपर्ने आवश्यक कार्यका लागि सुझाव दिन क्यानलाई आग्रह गर्नुभयो ।रासस

# सडक कालोपत्र प्रक्रिया अघि बढाउन नेता डा महतको माग

काठमाण्डु । नुवाकोटका जनप्रतिनिधिले गङ्गटे-लब्दु-समुद्रटार-गोल्फुभञ्ज्याङ सडक कालोपत्रको प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई शुक्रबार उहाँकै कार्यकक्ष सिंहदरबारमा भेटी नेपाली काँग्रेसका प्रवक्ता डा प्रकाशशरण महत नेतृत्वको जनप्रतिनिधिको समूहले स्रोत सुनिश्चित भएर ठेक्का प्रक्रियामा अघि बढेको सडक यसअघिको सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा रोकेको जानकारी गराएको हो । प्रतिनिधिमण्डलको कुरा सुनिसकेपछि मन्त्री दाहालले अर्को मन्त्रिपरिषद् बैठकले निर्णय गर्ने गरी फाइल तयार पार्न मन्त्रालयका सचिव गोपाल सिग्देललाई निर्देशन दिनुभयो ।



मन्त्रीलाई ध्यानाकर्षण गराएपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेता महतले आफू अर्थमन्त्री हुँदा स्रोत सुनिश्चित भएको उक्त सडकको काम सरकार परिवर्तन हुने बित्तिकै राजनीतिक पूर्वाग्रहका आधारमा ठेक्का प्रक्रिया रोकिँदा स्थानीयवासी निराश भएको बताउनुभयो । ६७ किमी सडकको कालोपत्रका लागि रु एक अर्ब ३३ करोड स्रोत सुनिश्चित भइसकेको उहाँले जानकारी दिनुभयो ।

यो सडक कालोपत्र भएपछि नुवाकोटका चार पालिकासँगै सिन्धुपाल्चोकका हेलम्बु गाउँपालिकाका सर्वसाधारणसमेत लाभान्वित हुने छन् । नुवाकोटका सूर्यगढी, लिखु, दुप्चेश्वर र तादी गाउँपालिकाका स्थानीयवासी सडकबाट लाभान्वित हुने छन् । दुप्चेश्वर मन्दिर जाने धार्मिक पर्यटकलाई सडकले सहज हुनेछ ।

तादी गाउँपालिकाका अध्यक्ष सन्तमान तामाङ समुद्रटारबाट गोल्फु भञ्ज्याङसम्मको करिब २१ किमी सडक निकै अप्ठ्यारो रहेको बताउनुहुन्छ । गङ्गटेबाट लब्दु हुँदै समुद्रटारसम्मको सडक यसअघि कालोपत्र भइसकेकाले सहज रहेको उहाँले बताउनुभयो । यो सडकको समुद्रटारसम्म मध्यपहाडी लोकमार्ग जोडिन्छ । सडकको चौडाइ बिस्तार गरी नौ मिटरबाट १५ मिटर बनाउने तयारी गरिएको छ ।

प्रतिनिधिमण्डलमा लिखु गाउँपालिका अध्यक्ष ध्रुव श्रेष्ठ, सूर्यगढी गाउँपालिका अध्यक्ष सन्तबहादुर घले, दुप्चेश्वर गाउँपालिका-३ का वडाअध्यक्ष ध्रुव केसीलगायतको सहभागिता रहेको थियो ।रासस

# 'विद्यालय शिक्षा विधेयकमा अपाङ्गतामैत्री विषय सुनिश्चित गर्नुपने

''काठमाण्डु । सांसदहरुले ' विद्यालय शिक्षा विधेयक'मा अपाङ्गतामैत्री विषय सुनिश्चित गर्न माग गरेका छन् । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शुक्रबारको बैठकमा विधेयकमाथि संशोधन प्रस्तुत गर्दै सांसद निशा डाँगीले विद्यालयको भौतिक संरचना र पाठ्यक्रम अपाङ्गतामैत्री हुनुपर्ने विषय ऐनमै समावेश गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले निजी विद्यालयले विभिन्न शीर्षकमा विद्यार्थीसँग अनावश्यक शुल्क उठाइरहेकाले समाधान गर्नुपर्ने धारणा राख्नुभयो । सांसद शिशिर खनालले सामुदायिक विद्यालयले निजी विद्यालयसँग प्रतिस्पर्धा गरी निजी विद्यालय अब्बल हुने गरी ऐन बनाउनुपर्नेमा जोड दिनुभयो । सांसद विराजभक्त श्रेष्ठले पुरातन शैलीको शिक्षाभन्दा अहिलेको आधुनिक प्रविधिसँग सुहाउँदो विद्यालय शिक्षा प्रणाली बनाउन माग गर्नुभयो ।

विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण, विद्यालय शिक्षाका मूलभूत विषयमा समता,



पोसाक, पुस्तक र कापी अभिभावक आफैँले खरिद गर्न पाउनुपर्ने व्यवस्थालाई विधेयकमा राख्नुपर्नेबताउनुभयो।संशोधनकर्ता अशोककुमार चौधरीले यौन शिक्षासँग सम्बन्धित विषय विद्यालयको तल्लो तहदेखि पाठ्यक्रममा राख्ने गरी विद्यालय शिक्षा ऐन संशोधन गर्नुपर्ने बताउनुभयो । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलको क्रममा रहेको सो विधेयकमाथि एक सय ५२ सांसदले संशोधन हाल्नुभएको छ ।

सांसद लेखनाथ दाहालले ऋण लिएर विद्यालयको भवन भव्य बनाउने तर विद्यार्थी र शिक्षक नहुने समस्या ऐनमार्फत एकरुपता र गुणस्तर कायम गरी विद्यालय सञ्चालनसम्वन्धी विषय व्यवस्थित गर्न तथा विद्यालय शिक्षासम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने उद्देश्यले सो विधेयक ल्याइएको हो । त्यसैगरी विद्यालय स्थापना र सञ्चालन, पाठ्यक्रम तथा पाठ्यसामग्री र शैक्षिक गुणस्तर, परीक्षा सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारी नियुक्ति, पदीय आचरण, सरुवा, कारवाही तथा अवकाशका विषयमा एकरुपता ल्याउन पनि विद्यालय शिक्षासम्बन्धी विधेयक ल्याउनुपर्ने आवश्यकता औँल्याइएको छ ।रासस

# गृहमन्त्री लेखकसँग पूर्वसांसद मञ्चका प्रतिनिधिको भेट

काठमाण्डु । गृहमन्त्री रमेश लेखकसँग पूर्वसांसद मञ्चका प्रतिनिधिले भेटवार्ता गरेको छ । शुक्रबार सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा पूर्वसांसद मञ्चका अध्यक्ष ओमकार श्रेष्ठ नेतृत्वको टोली सहभागी थियो ।

मञ्चका अध्यक्ष श्रेष्ठले गृहमन्त्री लेखकलाई बधाइका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। उहाँले मन्त्री लेखकको कार्यकालमा हाल देखिएका समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो। अध्यक्ष श्रेष्ठले संसद्को सल्लाहकार समितिका रूपमा क्रियाशील पूर्वसांसद मञ्चलाई गृह मन्त्रालयको राष्ट्रिय निर्देशन ऐनअनुसार दर्ताको व्यवस्था मिलाइ दिन आग्रह गर्नुभयो। संस्था हाल जिल्ला प्रशासन कार्यालयमा दर्ता छ।

साथै भेटमा सहभागी पूर्वसांसदहरूले मञ्च निरन्तर जनताको काममा रहेको भन्दै राज्यको तर्फबाट न्यूनतम सुविधा उपलब्ध गराउन पनि माग थियो ।रासस

# संसद्का कामकारबाही र अभ्यासलाई इमान्दार पूर्वक सम्प्रेषण गर्न अध्यक्ष दाहालको आग्रह

धुलिखेल । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सङ्घीय संसद्का कामकारबाही र अभ्यासलाई सत्य, तथ्य र वस्तुनिष्ठ आधारमा इमान्दारपूर्वक समाचार सम्प्रेषण गर्न आग्रह गर्नुभएको छ । सङ्घीय संसद्, राष्ट्रियसभाका पदाधिकारी र सञ्चारकर्मीबीचको अन्तरक्रियामा उहाँले आफूले लेखेका समाचारलाई आमनागरिकले कुन रुपमा लिएका छन् भनी आत्मसमीक्षा गर्नसमेत अनुरोध गर्नुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, "पत्रकारले आफूप्रति इमान्दार भएर समाचार लेखेको हो, त्यसलाई जनताले कुन रुपले लिए भनेर आत्मसमीक्षा गर्नुपर्छ ।" राष्ट्रियसभाका गतिविधि, साझा सहमति र निर्धारित कार्यसूचीका आधारमा अघि बढिरहेको जानकारी दिँदै उहाँले सदनबाट भए/गरेका उपलब्धिलाई जनतासमक्ष सकारात्मक सन्देश प्रवाह गर्न सञ्चार जगत्लाई आग्रह गर्नुभयो ।




राष्ट्रियसभाका उपाध्यक्ष बिमला घिमिरेले संसदीय अभ्यासलाई चुस्तदुरुस्त तुल्याउन र राज्यप्रणालीलाई बलियो बनाउन संसद् र सञ्चारमाध्यम मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले जनताका समस्या, माग, मुद्दा र समाजका गतिविधिका विषय सदनमा पुऱ्याउने र सदनमा उठेका सवाल जनता समक्ष पुऱ्याउन सञ्चार जगत्बाट सकारात्मक सहयोगको अपेक्षा गर्नुभयो ।

सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेले संसद्मा भएका गतिविधिलाई जस्ताका तस्तै जनतासमक्ष पुऱ्याउन र जनताका विषयवस्तु सदनमा ल्याउन सञ्चारकर्मीको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले आमनागरिकको सरोकारका मुद्दामा संसद्मा छलफल र बहस हुन्छ भन्ने विषय जनतामा सञ्चार गर्न मिडियाको ठूलो भूमिका रहन्छ भन्नुभयो ।

संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी)का प्रतिनिधि यमबहादुर किसानले नेपालको संविधानमा उल्लेख भएको सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिताको प्रवर्द्धन र नागरिकमा सही सूचना सम्प्रेषण गर्ने कार्यमा आफ्नो संस्थाले सहयोग पुऱ्याउँदै आएको जानकारी दिनुभयो । राजधानीबाट प्रकाशित तथा प्रसारित सञ्चारमाध्यमका करिब ३० सञ्चारकर्मीको सहभागिता रहेको दुईदिने कार्यक्रममा राष्ट्रियसभा नियमावलीको व्यवस्था, समाचार सङ्कलनमा पत्रकारले ध्यान दिनुपर्ने विषय, संसदीय खुलापन, बाह्य पहुँचसम्बन्धी पत्रकारको दृष्टिकोण र वर्तमान अवस्था, नेपालमा राष्ट्रियसभाः विगत र वर्तमान, कानुन निर्माण प्रक्रिया र सञ्चार जगत्को भूमिका विषयमा विज्ञले प्रस्तुति दिनुहुनेछ ।रासस

# नेतन्याहू र बाइडेनबीच इजरायल-हमास युद्ध अन्त्यका लागि छलफल

एएफपी

वासिङ्टन । अमेरिकी संसद्मा बोल्दै हमासविरुद्ध 'पूर्ण विजय' हासिल गर्ने प्रतिबद्धता व्यक्त गरेका इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले बिहीबार सोही बिषयमा वासिङ्टनमा राष्ट्रपति जो बाइडेनसँग भेटवार्ता गर्नुभएको छ ।



नेतन्याहुले गाजा युद्धको विरोध गर्ने अमेरिकीहरूलाई 'मूर्ख' को संज्ञा दिनुभएको छ । हमासले युद्ध अन्त्य गर्ने र बन्धक बनाइएकाहरूलाई फिर्ता गर्नेप्रयासमाप्रधानमन्त्रीनेतन्याहूले अवरोध पुऱ्याएको आरोप लगाएको छ ।इजिप्ट, इजरायल, अमेरिका र कतारका अधिकारीले इजरायल र हमासबीचको युद्ध अन्त्य गर्न र बाँकी बन्धकहरूलाई मुक्त गर्न प्रस्तावित तीन चरणको युद्धविरामका लागि वार्ता पुनः सुरु गर्ने उद्देश्यले बिहीबार दोहामा बैठक गर्ने अपेक्षा गरिएको भएपनि इजरायलका एक अधिकारीले आफ्नो वार्ता टोली सम्भवतः अर्को हप्ता पठाइने बताएका छन् ।

इजरायली सेनाले दक्षिणी गाजा शहर खान युनिसको केही भाग छोड्न दिएको पछिल्लो आदेशका कारण विस्थापित भएका प्यालेस्टिनीहरू सडकमा सुतेर प्रदर्शन गरेको बताएका छन् । गाजाको स्वास्थ्य मन्त्रालयले युद्धमा ३९ हजार १०० भन्दा बढी प्यालेस्टिनी मारिएको जनाएको छ ।राष्ट्रपति बाइडेन र नेतन्याहुबीचको भेटलाई हमासद्वारा कब्जामा लिएका अमेरिकी बन्धकका आफन्तले 'फलदायी र इमानदार' प्रयास भनेका छन् ।

गाजामा बन्धक बनाइएका अमेरिकी नागरिकका आफन्तले ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति जो बाइडेन र इजरायली प्रधानमन्त्री नेतन्याहूलाई भेटेका हुन् ।भेटपछि पत्रकारहरूसँग कुरा गर्दै परिवारका सदस्यहरूले भने "उनीहरू 'आज तात्कालिकताको भावनाका साथ आएका छन्' र इजरायल र हमासबीच युद्धविराम सम्झौता पूरा गर्नुपर्ने आवश्यकतामा इमान्दार प्रयास गर्ने बताएका छन् । यसको अर्थ आफ्ना प्रियजनहरूको छिट्टै रिहाइ हुन सक्छ ।"

"हामीले बाइडेन प्रशासन र प्रधानमन्त्री नेतन्याहूबाट रिहाइका लागि पूर्ण प्रतिबद्धता प्राप्त गरेका छौं । उनीहरूले यस क्षणको तात्कालिकतालाई बुझेका छन्," हमासले कब्जामा लिएका बन्धकका आफन्तहरूले भने । उनीहरूले महिनौंको तुलनामा सम्झौताप्रति बढी आशावादी रहेको बताएका छन् । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले राष्ट्रपति जो बाइडेनसँगको भेट उपलब्धीमुलक भएको भन्दै आफ्नो ह्वाइट हाउस भ्रमणको प्रशंसा गर्नुभएको छ ।

नेतन्याहूले बैठकको सुरुमा बाइडेनसँग भन्नुभयो, "एक गौरवशाली यहूदी जियोनिज्मदेखि आइरिश-अमेरिकी नियोनिस्टसम्मको तर्फबाट म तपाईंलाई ५० वर्षको सार्वजनिक सेवा र इजरायलको लागि ५० वर्षको सहयोग र समर्थनका लागि धन्यवाद दिन चाहन्छु ।" अमेरिकी राष्ट्रपति बाइडेनले नेतन्याहूलाई धन्यवाद दिँदै इजरायली प्रधानमन्त्री गोल्डा मीरसँग सिनेटमा निर्वाचित भएलगत्तै आफ्नो पहिलो भेट सन् १९७३ मा भएको स्मरण गर्दै त्यतिवेला नेतन्याहु १२ वर्षको मात्र भएको बताउनुभएको थियो ।

सन् २०२० मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पद छाड्नुअघि नेतन्याहूको ह्वाइट हाउसको भ्रमणपछि भएको यो उहाँको पहिलो अमेरिका भ्रमण हो ।

गाजामा ३९ हजारभन्दा बढीको ज्यान जाने गरी नौ महिनादेखि जारी युद्धको अन्त्यका लागि राष्ट्रपति बाइडेन, उपराष्ट्रपति कमला ह्यारिस र नेतन्याहु माथि दबाब बढिरहेको बेला भएको हो । दर्जनौं इजरायली बन्धकहरू अझै पनि हमासको कब्जामा छन् । यसैबीच नेतन्याहूले उपराष्ट्रपति कमला ह्यारिससँग पनि भेटवार्ता गर्नुभएको छ । उपराष्ट्रपति कमला ह्यारिसले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई गाजामा अक्टोबर ७ देखि बन्धक बनाइएका दर्जनौं व्यक्तिलाई स्वदेश फर्काउन हमाससँग छिट्टै युद्धविराम सम्झौता गर्न आग्रह गर्नुभएको छ ।

ह्यारिसले नेतन्याहूसँग 'स्पष्ट र रचनात्मक' कुराकानी भएको र त्यसमा उहाँले इजरायलको आफ्नो रक्षा गर्ने अधिकारको पुष्टि गरेको तर नौ महिनाको युद्धमा गाजामा मृत्यु हुनेको संख्या उच्च रहेको र त्यहाँको 'भयावह' मानवीय अवस्थाबारे पनि गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिपदका सम्भावित उम्मेदवारमाथि सबैको नजर रहेको बताउँदै ह्यारिसले ३९ हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान गइसकेको गाजामा जारी क्रूर युद्धको अन्त्य गर्ने समय आएको राष्ट्रपति जो बाइडनको लामो समयदेखिको सन्देशलाई दोहोऱ्याउनुभएको थियो ।

यद्यपि नेतन्याहूले संसदुमा युद्धको पिष्ट गर्ने प्रयास गरेको, हमासविरुद्ध 'पूर्ण विजय' को प्रतिज्ञा गरेको र युद्धविराम वार्ताको अपेक्षाकृत कम उल्लेख गरेको एक दिनपछि उहाँले यस क्षणको तात्कालिकताको बारेमा अझ सशक्त स्वर प्रस्तुत गर्नुभएको थियो । नेतन्याहूसँगको भेटपछि ह्यारिसले पत्रकारसँग भन्नुभयो, "यो सम्झौतामा सहमतिका लागि वार्तामा आशावादी प्रगति भएको छ ।रासस

# ओलम्पिकमा १५औं नेपाली सहभागिता

काठमाण्डु । फ्रान्समा शुक्रबारदेखि औपचारिक रुपमा सुरु हुने ३३औं गृष्मकालीन ओलम्पिकमा कुन देशले कस्तो प्रदर्शन गर्ला तथा कुन मुलुकले अत्यधिक पदक हासिल गर्ला विश्वभरिका मानिसका लागि कौतुहलताको विषय बनेको छ । ओलम्पिकअन्तर्गत फुटबल, रग्बीलगायतका खेलका प्रतियोगिता भने गत बुधबार नै सुरु भइसकेका छन् ।

ओलम्पिकमा भाग लिन नेपाली खेल टोली पनि राजधानी पेरिस पुगिसकेको छ । यसपालि एक नेपाली खेलाडी छनोट प्रतियोगिता जितेर ओलम्पिकमा सहभागी हुन गएका छन् । टेबुल टेनिस खेलाडी स्याण्टु श्रेष्ठ दक्षिण एशियाको छनोट चरण पार गरेर ओलम्पिकमा सहभागी हुन सफल भएका छन् । अन्य खेलाडीहरुलाई भने कोटा तथा वाइल्ड कार्डको आधारमा सहभागी गराइएको हो । नेपालले ओलम्पिकमा विभिन्न छ खेलमा सात खेलाडीलाई सहभागी गराउँदैछ । नेपालका अन्य खेलाडीहरुमा जुडोमा मनिता श्रेष्ठ प्रधान, एथलेटिक्समा सन्तोषी श्रेष्ठ, स्विमिङ मा डुवाना लामा र एलेक्जान्डर शाह, ब्याडमिन्टनमा प्रिन्स दाहाल, सुटिङमा सुस्मिता नेपाल छन् । नेपालले पहिलोपटक ओलम्पिकमा ब्याडमिण्टनमा भाग लिन लागेको हो ।

नेपालले ओलम्पिकमा भाग लिएको यो १५ औं पटक हो । आज राति ११ बजेर ४५ मिनेट जाँदा पेरिसमा आयोजना हुने भब्य उदघाटन समारोहमा नेपालको पनि सहभागिता रहनेछ । ओलम्पिकमा २०६ ओलम्पिक राष्ट्रिय टिमको सहभागिता रहनेछ । यसमध्ये एशियाका ४४ वटा देशहरुले भाग लिदैछन् । ओलम्पिकमा शरणार्थी टिमको समेत सहभागिता रहनेछ । नेपालले सन् १९६४ देखि ओलम्पिकमा भाग लिन सुरु गरेको थियो । पेरिस ओलम्पिकमा विभिन्न ३२ वटा खेलका ३२९ वटा इभेण्टस् सञ्चालन हुँदैछन् ।

यसअघि ओलम्पिकका लागि छनोट खेल पार गरी सहभागी हुन सफल नेपाली खेलाडीमध्ये पहिलो खेलाडीमा ताइक्वाण्डोकी खेलाडी संगिना बैध्य थिइन् । सन् २००४ मा ग्रीसको राजधानी एथेन्समा आयोजित ओलम्पिकमा उनी छनोट चरणमा जितेर भाग लिन सफल भएकी थिइन् । सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा ताइक्वाण्डो खेलाडी दिपक बिष्ट पनि छनोट खेल जितेर ओलम्पिक खेल्न गएका थिए । अन्य खेलाडीहरु भने कोटा तथा वाइल्ड कार्डको आधारमा ओलम्पिकमा सहभागी हुँदै आइरहेका छन् । ओलम्पिकमा एथलेटिक्स तथा स्विमिङ खेलमा अनिवार्य सहभागी पठाउनु पर्ने नियमअनुसार ती खेलमा नेपाली सहभागी बढी भएको पाइएको हो ।

## विगतको सहभागिता

सन् १९६४ मा जापानको राजधानी टोकियोमा आयोजित ओलम्पिकदेखि नेपालले ओलम्पिकमा प्रतिस्पर्धा गर्न सुरु गरेको थियो । त्यतिखेर नेपाली टिममा दुई धावक र चार जना बक्सरलाई समावेश गरिएको थियो । बक्सरहरु भने हङ्कडस्थित गोरखा रेजिमेण्टमा कार्यरत नेपाली सैनिकहरु थिए । सन् १९६८ मा मेक्सिकोमा आयोजित ओलम्पिक बाहेक नेपालको ओलम्पिकमा सहभागिता छुटेको छैन । हालसम्म सबैभन्दा धेरै एथलेटिक्सका खेलाडीहरुले नेपालको तर्फबाट ओलम्पिकमा भाग लिएका छन् ।

> नेपालले ओलम्पिकमा भाग लिएको यो १५ औं पटक हो । आज राति ११ बजेर ४५ मिनेट जाँदा पेरिसमा आयोजना हुने भब्य उदघाटन समारोहमा नेपालको पनि सहभागिता रहनेछ । ओलम्पिकमा २०६ ओलम्पिक राष्ट्रिय टिमको सहभागिता रहनेछ । यसमध्ये एशियाका ४४ वटा देशहरुले भाग लिदैछन् ।

सन् १९७२ मा जर्मनीको म्युनिखमा आयोजित ओलम्पिकमा नेपालबाट दुई धावक सहभागी भएका थिए । सन् १९७६ मा क्यानडाको मोर्टियलमा आयोजित ओलम्पिकमा नेपालको तर्फबाट धावक बैकुण्ठ मानन्धरले मात्र भाग लिएका थिए । उनले लगातार चार वटा ओलम्पिकमा दौडेर नेपालबाट सबैभन्दा धेरै पटक ओलम्पिकमा सहभागी हुने अवसर प्राप्त गरेका थिए ।

सन् १९८० मा रुसमा आयोजना गरिएको ओलम्पिकमा नेपालबाट एथलेटिक्स, बक्सिङ र भारोत्तोलनमा १२ जना खेलाडी सहभागी भएका थिए । सन् १९८४ मा अमेरिकाको लसएन्जल्समा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, भारोत्तोलन बक्सिङमा ११ जना खेलाडी पठाइएको थियो । सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित ओलम्पिकमा नेपालको खेल टोली विगतमा भन्दा ठूलो थियो । त्यस प्रतियोगितामा नेपालले एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, जुडो, सुटिङ र ताइक्वाण्डो खेलमा १८ जना खेलाडीलाई सहभागी गराएको थियो । सन् १९९२ मा स्पेनको बार्सिलोना ओलम्पिकमा ताइक्वाण्डो, सुटिङ र एथलेटिक्समा पाँच जनाले भाग लिएका थिए । सन् १९९६ मा अमेरिकाको एटलाण्टामा एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छ जना गएका थिए ।

यस्तै सन् २००० मा अष्ट्रेलियाको सिड्नीमा नेपालले एथलेटिक्स, स्विमिङ तथा सुटिङमा गरी पाँच खेलाडी पठाएको थियो । सन् २००४ मा ग्रीसको एथेन्समा नेपालबाट ताइक्वाण्डो, एथलेटिक्स, भारोत्तोलन र सुटिङमा छ जना खेलाडीहरु पठाइयो । सन् २००८ मा चीनको राजधानी बेइजिङमा आयोजित ओलम्पिकमा पनि एथलेटिक्स, जुडो, सुटिङ, स्विमिङ र ताइक्वाण्डोमा नौ खेलाडी सहभागी गराइएको थियो । सन् २०१२ मा लण्डन ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र सुटिङमा भाग लिन चार जना नेपाली गएका थिए । सन् २०१६ मा दक्षिण अफ्रिकाको रियोदि जेनिरियोमा नेपालले एथलेटिक्स, स्विमिङ, जुडो र आर्चरीमा गरी छ जनालाई सहभागी गराएको थियो । सन् २०२१ को जापानको टोकियो ओलम्पिकमा एथलेटिक्स, स्विमिङ र एथलेटिक्समा पाँच जना खेलाडीले भाग लिएका थिए ।

## गौरवमय त्यो क्षण

सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा भएको गृष्मकालीन ओलम्पिक प्रतियोगितामा नेपालले ताइक्वाण्डो खेलमा कास्य पदक पाएको थियो । खेलाडी विधान लामाले उक्त पदक जितेका थिए । सन् १९८६ मा बिधानसहित आठ नेपाली खेलाडीले सियोलमै एशियाली खेलकुदमा कास्य पदक पनि पाएका थिए । सम्पूर्ण नेपालीहरु गौरवान्वित बनेको त्यो खुसीको क्षण क्षणिक बन्न पुग्यो । त्यतिखेर ओलम्पिकमा ताइक्वाण्डो खेललाई प्रदर्शन खेलका रुपमा समावेश गरिएकाले खेलाडी लामाले जितेको पदकलाई आधिकारिक मान्यता प्रदान नगरिएपछि नेपाल आधिकारिक पदक तालिकामा अङ्कित हुनबाट बन्चित हुन पुगेको थियो ।

## नगण्य उपलब्धि

ओलम्पिकमा नेपाली खेलाडीहरुको सहभागिता १५ चोटी पुगे पनि हालसम्म सहभागितामै सिमित रहेको छ । एशियाली खेलकुदमा रजत पदकसम्म जित्न सकेको नेपालले हालसम्म ओलम्पिकमा भने कुनै पदक जित्न सकेको छैन । ओलम्पिकमा सहभागिता अझै पनि औपचारिकतामा सिमित रहेको छ । ओलम्पिकका लागि दीर्घकालीन योजना सञ्चालन नहुनाले यस्ता ठूला प्रतियोगितामा नेपालको सहभागिता खाली औपचारिकतामा सिमित हुन पुगेको हो । यस्ता प्रतियोगितामा विभिन्न खेलमा भाग लिनुभन्दा उचित प्रदर्शन गर्न सकिने सिमित खेललाई जोड दिनु उचित हुने गर्दछ । खेलाडीको क्षमताको मुल्याङ्कन नगरी कोटा प्राप्त भएकै आधारमा अन्तर ाष्ट्रिय प्रतियोगितामा भाग लिनु उचित हुन्छ कि हुदैंन गम्भीर भएर सोच्नु पर्ने बेला पनि आएको छ ।

प्रतियोगिताको केही समयअघि खेलाडी जम्मा गरी दिइएको प्रशिक्षण ओलम्पिकजस्तो विश्व स्तरीय प्रतियोगिताका लागि अपर्याप्त भएको अनुभव विगतदेखि नै हुँदै आइरहेको छ । सिमित समय र सानो लगानीले ओलम्पिकमा सफलता सम्भव नभएको कुरा स्वयं खेल क्षेत्रसँग सम्बन्धित अधिकारी तथा प्रशिक्षकहरुले बताउँदै आइरहेका छन् । वर्षैभरि नियमित प्रशिक्षण, पर्याप्त मात्रामा खेल प्रतियोगितामा सहभागिता, वैदेशिक प्रशिक्षण र प्रतियोगितामा जाने अवसरले खेलाडीको क्षमता अभिवृद्धि गर्दै लैजाने गर्दछ । यसैगरी उनीहरुलाई यथोचित सुविधातर्फ पनि ध्यान दिनु जरुरी पर्दछ । यसै सिलसिलामा हालसम्म कैयौं स्थापित खेलाडीहरु समेत विदेश पलायन हुनु चिन्ताको विषय बनेको छ ।

नेपालमा सरकार परिवर्तनसँगै त्यसको प्रत्यक्ष असर खेलकुद क्षेत्रमा पनि पर्ने गरेको छ । खेलकुद क्षेत्रको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषदमा हुने गरेको पदाधिकारी परिवर्तनले पनि नेपालको समग्र खेलकुदको विकासमा असर पर्ने गरेको छ । नेपालमा भएका सयौं खेलकुद सङ्घ पनि नेपालको अन्तर्राष्ट्रिय असफलतामा जिम्मेवार रहेका छन् । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीजस्ता विभागीय टिमहरुले खेलाडीहरुलाई रोजगार दिई नियमित रुपमा प्रशिक्षण सञ्चालन गरेर नेपालको अन्तर्राष्ट्रिय सहभागितामा यथाशक्य योगदान दिइरहेका छन् ।


दक्षिण एशियाली मुलुकहरुमध्ये भारतले हालसम्म ओलम्पिकमा ३५ वटा पदक जितिसकेको छ । यसैगरी पाकिस्तानले १० तथा श्रीलङ्काले दुई वटा पदक पाइसकेका छन् ।

अब नेपालले पनि ओलम्पिक जस्तो खेलकुद प्रतियोगितालाई औपचारिकतामा मात्र सिमित हुन नदिई पदक प्राप्तिका लागि उचित पहल गर्न जरुरी भसकेको छ । ओलम्पिक भनेको खेलाडीले राष्ट्रिय किर्तिमान भङ्ग गर्दा गौरव गर्ने क्षण होइन । पदक जितेर मुलुकको छवि जाज्वल्यमान बनाउने महत्वपूर्ण अवसर हो । नेपाल सरकारले पनि ओलम्पिकलाई उच्च प्राथमिकता दिई दीर्घकालीन वार्षिक योजना बनाउन तथा पदक प्राप्तसम्मका लागि आवश्यक पूर्वाधारहरु जुटाउन नेतृत्व लिनुपर्ने आवश्यकता देखिएको छ ।रासस

# श्रीलक्तामा राष्ट्रपतिको निर्वाचन सेप्टेम्बर २१ मा हुने

एएफपी

कोलम्बो । श्रीलङ्कामा अनपेक्षितरूपमा आएको आर्थिक सङ्कटका कारण भएको देशव्यापी आन्दोलनले निर्वाचित राष्ट्रपतिलाई विस्थापित गरेपछि सेप्टेम्बरमा पहिलो पटक उक्त पदका लागि मतदान हुने निर्वाचन आयोगले शुक्रबार जनाएको छ ।



सन् २०२२ को आर्थिक मन्दीका कारण महिनौंसम्म खाद्यान्न, इन्धन र औषधिको अभाव भएपछि हुन लागेको यो निर्वाचन जनताको मनोदशाको पहिलो परीक्षण हुनेछ ।सडक प्रदर्शनका कारण आफ्ना पूर्ववर्तीलाई देश छोड्न बाध्य बनाएपछि पदभार ग्रहण गरेका ७५ वर्षीय राष्ट्रपति रनिल विक्रमासिङ्घेले आफू चुनाव लड्ने योजना रहेको सङ्केत गर्नुभएको छ । उहाँले अन्तर्राष्ट्रिय मुद्रा कोषको बेलआउट प्याकेज पूरा गर्न उहाँको नेतृत्वको सरकारले लागू गरेको मितव्ययिताका उपायहरूको विरोधमा अभियान चलाउने कम्तिमा दुई प्रतिद्वन्द्वीहरूको सामना गर्नुहुनेछ ।

कमजोर आर्थिक पुनरुत्थान र जीवनयापनको लागतका विषयमा स्थानीय असन्तोषसँग जुधिरहेको देशमा आयोगले घोषणा गरेको निर्वाचनको पाँच हप्ते अभियान सेप्टेम्बर २१ मा टुङ्गिनेछ ।सन् २०२२ मा मुलुक अहिलेसम्मकै सबैभन्दा खराब आर्थिक मन्दीबाट बाहिर निस्कँदा आर्थिक मुद्दाहरू यस अभियानमा हावी हुने अपेक्षा गरिएको छ, जब कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ७.८ प्रतिशतले खुम्चिएको छासङ्कटको चरमोत्कर्षमा रहेको मुद्रास्फीति ७० प्रतिशतको शिखरबाट सामान्य स्तरमा फर्किएको छ ।

विक्रमासिङ्घेले सन् २०२२ को सरकारी डिफल्टपछि चीनलगायत द्विपक्षीय ऋणदाताहरूसँग श्रीलङ्काको ४६ अर्ब अमेरिकी डलरको विदेशी ऋणको पुनर्संरचनाका लागि पनि सफलतापूर्वक वार्ता गरेका छन्।तर कर वृद्धि गरेर र उदार उपयोगिताअनुदान फिर्ता लिएर सरकारका पुस्तकहरूलाई सन्तुलित गर्ने उनको नीतिहरू जनताका लागि गहिरो अलोकप्रिय छन्।आर्थिक सङ्कटको चरम ोत्कर्षमा देखिएको महिनौंलामो खाद्यान्न, इन्धन र औषधिको अभाव अहिले टाढाको कुरा भए पनि धेरै श्रीलङ्कावासीले विक्रमासिङ्घेको मितव्ययिताका उपायहरूले उनीहरूलाई आफ्नो गुजारा चलाउन सङ्घर्ष गर्नुपरेको बताएका छन् ।

विपक्षी दलले विक्रमासिङ्घेले गत वर्ष गरेको दुई अर्ब ९० करोड अमेरिकी डलरबराबरको अन्तर ाष्ट्रिय मुद्रा कोष (आइएमएफ) को बेलआउटका शर्तमा पुनः वार्ता गर्ने प्रतिबद्धता जनाएका छन् ।राष्ट्रपतिका मुख्य प्रतिद्वन्द्वी ५७ वर्षीय सजिथ प्रेमदासा हुनुहुन्छ । उहाँ एक समयका पार्टीका सहयोगी र वर्तमान विपक्षी नेता हुनुहुन्छ । प्रेमदासाले आर्थिक सुधार र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् तर विक्रमासिङ्घेले राज्यको राजस्व बढाउन लगाएको कर वृद्धिलाई कम गरेर जनतालाई राहत दिने प्रतिबद्धता जनाएका छन् ।

एउटा बामपन्थी पार्टीले आफ्ना नेता ५५ वर्षीय पूर्व कृषिमन्त्री अनुरा कुमारा दिसानायकेलाई पनि चुनावी मैदानमा उतारेको छ । उहाँले सरकारी कम्पनीहरूको निजीकरण गर्ने योजनाको विरुद्धमा अभियान चलाइरहनुभएको छ । विक्रमासिङ्घेले सन् २०२२ मा पूर्ववर्ती गोटाबाया राजापाक्षले जनआन्दोलनको दबावमा राजिनामा दिएपछि सङ्कटको समयमा देशको जिम्मेवारी सम्हाल्नुभएको थियो । श्रीलङ्कालाई आर्थिक कुव्यवस्थापनमार्फत सङ्कटमा धकेलेको आरोप लागेका राजापाक्ष भागेर केही समयसम्म विदेशी भूमिमा बसेपछि सिङ्गापुरबाट राजीनामा दिनुभएको थियो ।

गत वर्ष स्थानीय तहको निर्वाचन हुने तय भए पनि सरकारले राष्ट्रव्यापी निर्वाचन गर्न देशको आर्थिक मजबुत नभएको बताएपछि निर्वाचन अनिश्चितकालका लागि स्थगित गरिएको थियो ।श्रीलङ्कामा १८ वर्षभन्दा बढी उमेरका एक करोड ७० लाखभन्दा बढी नागरिकले सेप्टेम्बरको निर्वाचनमा मतदानका लागि योग्य मानिनेछन् । निर्वाचन आयोगले यस वर्षको राष्ट्रपतिका लागि तीन करोड ३० लाख अमेरिकी डलर (१० अर्ब रुपैयाँ) विनियोजन गरेको छ ।

# चीनमा आँधीले तीन लाख मानिस विस्थापित

एएफपी

बेइजिङ । चीनमा आएको गेमी आँधीका कारण करिब तीन लाख मानिस विस्थापित भएका छन् । विस्थापितलाई शुक्रबार चिनियाँ अधिकारीले सुरक्षित स्थानमा स्थानान्तरण गरेका छन् । हावाहुरीसँगै परेको बर्षाले पूर्वी चीनमा बिहीबार सार्वजनिक यातायात स्थगित भएका थिए भने ताइवानमा पाँच जनाको मृत्यु भएको छ । आठ वर्षमा ताइवानमा आएको सबैभन्दा शक्तिशाली आँधीका कारण बिहीबार ताईवानका केही सहरी भागहरूमा बाढी र डुबानको समस्या आएको छ ।



फिलिपिन्सको ताइवानतर्फ जाने बाटोमा आँधी र बर्षाका कारण ठाउँठाउँमा पहिरो गएको छ भने यसका कारण २० जनाको मृत्यु भएको छ । फिलिपिन्सको मनिलामा बिहीबार १४ लाख लिटर तेल बोकेको ट्याङ्कर समुद्रमा डुबेपछि ईन्धनको प्रदूषण फैलिनबाट रोक्ने पहलहरू गरिएको छ ।

उक्त ट्याङ्कर बिहीबार बिहान चीनको पूर्वी फुजियान प्रान्तमा जाने क्रममा दुर्घटना भएको सरकारी सञ्चार माध्यमले जनाएको छ । चिनियाँ अधिकारीहरूले भारी वर्षा र गेमी नाम दिइएको चक्रवातले विपत्ति निम्त्याउन सक्ने चेतावनी बिहीबार नै दिएका थिए । उनीहरूले फुजियानमा दुई लाख ९० हजारभन्दा बढी मानिसहरूलाई स्थानान्तरण गरेको जनाउदै केही सहरमा सार्वजनिक यातायात, कार्यालय, विद्यालयलगायत बजार बन्द भएको जनाएका छन् ।छिमेकी झेझियाङ प्रान्तमा चिनियाँ राष्ट्रिय टेलिभिजन सिसिटिभी र अन्य चिनियाँ सञ्चारमाध्यममा शुक्रबार प्रशारण भएका फुटेजमा बाढीका कारण सडकहरू डुबानमा पर्दा सवारी साधन र स्थानीयहरूको यात्रा कठिन बनेको देखिन्थ्यो ।

करिब ९० लाख जनसंख्या रहेको वानझाउ सहरमा बाढी र डुबानजन्उ जोखिमको चेतावनी जारी गरिएको छ भने सात हजार मानिसहरूलाई स्थानान्तरण गरेको सिसिटिभीले जनाएको छ । गेमीले मध्य जियाङ्सी र हेनानमासमेत भारी वर्षा निम्त्याउने सरकारी सञ्चार माध्यामले जनाएको छ ।चीनको धेरै जनसंख्या भएको प्रान्तमध्ये एक गुआङडोङले शुक्रबार आँधीको चेतावनीपछि केही यात्रुबाहक रेल सेवाहरू स्थगित गरेको सिसिटिभीले जनाएको छ ।

आधिकारिक चिनियाँ मौसम नेटवर्कलाई उद्धृत गर्दै सिसिटिभीले चक्रवात करिब २० किलोमिटर प्रतिघण्टाको गतिमा उत्तरपश्चिमतर्फ अघि बढिरहेको जनाएको छ ।

शुक्रबार दिउँसो जियाङ्सी पुग्दा आँधी 'बिस्तारै कमजोर' हुने जनाइएको छ ।

समाचार तयार पार्दासम्म चीनमा आँधीका कारण कसैको मृत्यु तथा घाइते भएको खबर भने आएको छैन ।खराब मौसम, बाढी र डुबानको जोखिमको मौसम पूर्वानुमान निकायहरूको चेतावनीपछि बिहीबार राष्ट्रपति सी जिनपिङको अध्यक्षताको शीर्ष नेतृत्वको बैठकमा अधिकारीहरूले स्थानीय अधिकारीहरूलाई सतर्क र सक्रिय रहन आग्रह गरेका थिए ।

# फ्रान्सको उच्च गतिको रेल नेटवर्कमा आगजनी

एएफपी

पेरिस । फ्रान्सको सरकारी रेलसेवा कम्पनी एसएनसिएफमा आगजनी भएको छ ।पेरिस ओलम्पिकको उद्घाटन समारोह सुरु हुनुभन्दा केही घण्टा अगाडि फ्रान्सको उच्च गतिको (टिजिभी) रेल नेटवर्कलाई अवरुद्ध पार्न एथलीटहरूले आक्रमण गरेको खेल मन्त्री अमेली ओडियाकास्टेराले शुक्रबार बताउनुभयो ।

उच्च गतिको रेल सेवा नेटवर्कलाई प्रभावित पार्न भएको आगजनीसहितको आक्रमणले यातायात प्रणाली अवरुद्ध भएको छ ।राष्ट्रिय रेल सञ्चालक 'एसएनसिएफ तोढफोड जन्य कार्यको सिकार भएको छ भने आक्रमणले एटलान्टिक, उत्तरी र पूर्वी लाइनहरूलाई असर गरेको छ ।आक्रमणले रेल सुविधालाई क्षति पुऱ्याउँदा प्रभावित लाइनहरूमा 'रेल ट्राफिक अवरुद्ध' भएको तथा मर्मत सम्भार लगायतको अवस्थाले प्रभाव साताब्यापी रहने जनाइएको छ ।

आक्रमणपछि रेलहरू विभिन्न मार्गमा मोडिरहेको अवस्थामा ठूलो सङ्ख्यामा रद्द गर्नु परेको विज्ञप्तिमा उल्लेख गरिएको छ । कडा सुरक्षा ब्यवस्थाबीच ग्रीष्मकालीन ओलम्पिकको उद्घाटन समारोहमा तीन लाख दर्शक तथा पाहुना उपस्थित हुने अपेक्षा गरिएको समय आकस्मिक आक्रमण गरी बदनाम गराउने प्रयास भएको छ । शुक्रबार साँझ हुने परेडमा सात हजार ५०० जनासम्म प्रतियोगीहरूले ८५ वटा डुङ्गामा साइन नदीको छ किलोमिटर यात्रा गर्नेछन् ।

स्रोतका अनुसार एथलेटिक्स स्टेडियम बाहिर ग्रीष्मकालीन ओलम्पिकको यो पहिलो उद्घाटन हुनेछ ।रासस

# मौद्रिक नीति: यस्ता नयाँ प्रावधान

काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमार्फत केही नयाँ व्यवस्था ल्याएको छ भने केही पुराना व्यवस्थालाई खुकुलो बनाएको छ । समग्र मौद्रिक तथा वित्तीय क्षेत्र व्यवस्थापनका लागि राष्ट्र बैंकले सन्तुलित ढङ्गले सजगताका साथ लचिलो मौद्रिक नीति ल्याएको गभर्नर महाप्रसाद अधिकारीको भनाइ छ । अर्थतन्त्रलाई चलायमान बनाउन कर्जा विस्तारलाई प्राथमिकतामा राखिएको पनि स्वयं गभर्नर अधिकारीले बताइसक्नुभएको छ । चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भएका केही मुख्य व्यवस्था यस प्रकारका छन् ।




**बैंकदर र नीतिगतदर घटाइयो**

ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई सात प्रतिशतबाट साढे छ प्रतिशत र नीतिगत दर साढे पाँच प्रतिशतबाट पाँच प्रतिशत कायम गरिएको छ ।

**निर्माण व्यवसायीलाई राहत**

मौद्रिक नीतिले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मङ्सिर मसान्तसम्म थप गर्ने, उनीहरुलाई चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्नेलगायत विभिन्न सहुलियत दिइएको छ ।

**पुँजीकोषमा सहजता**

मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थापनमा सहजता, असल कर्जामा गर्नुपर्ने विद्यमान एक दशमलव २० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर एक दशमलव १० प्रतिशत कायम गरिएको छ । त्यस्तै, रेगुलेटरी रिटेल पोर्टफोलिया (आरआरपी) को सीमालाई रु दुई करोडबाट बढाएर रु दुई करोड ५० लाख कायम गर्नेलगायत व्यवस्था ल्याइएको छ ।

**चालु पुँजीकर्जा मार्गदर्शन संशोधन**

'भेरियन्स एनालिसिस' गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई २०८२ साउन १ गतेदेखि लागू हुनेगरी समयावधि थप गर्ने तथा लघु, घरेलु, साना एवं मझौला उद्यमका लागि तोकिएको रु एक करोडको सीमालाई पुनरावलोकन गर्नेगरी चालु पुँजी कर्जा मार्गदर्शनमा संशोधन गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

**संस्थागत शेयर धितो कर्जाको सीमा हट्यो**

संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाहरुले मार्जिन प्रकृतिको शेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु २० करोडको सीमा खारेज गरिएको छ । व्यक्तिगततर्फको १५ करोडको सीमा भने यथावत राखिएको छ ।

**कर्जा वर्गीकरण**

निष्क्रिय वर्गको कर्जा नियमित भइसकेको अवस्थामा छ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जनगरी छ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था ल्याइएको छ ।

**बिनाधितो ऋण**

चालु आर्थिक वर्षको बजेटमा परेको वैदेशिक रोजगारमा जानेका लागि बिनाधितो ऋण दिने व्यवस्थालाई मौद्रिक नीतिले पनि समेटेको छ । त्यस्तै, कृषि र नवप्रवर्तन क्षेत्रमा जाने कर्जा सहज बनाउने नीति पनि राष्ट्र बैंकले लिएको छ ।

**कानुन निर्माण**

सम्पत्ति व्यवस्थापन ऐनको मस्यौदा बनाएर सरकारलाई बुझाउने र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स-एआई) मार्गदर्शन तयार पार्नेलगायत विषयहरु मौद्रिक नीतिमा परेका छन् ।

**सहकारी र लघुवित्त क्षेत्र व्यवस्थापन**

बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा रु पाँच लाखसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनको राष्ट्र बैंकले सहयोग गर्ने मौद्रिक नीतिमा उल्लेख छ । बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरीवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानुन बनाउन नेपाल सरकारसँग समन्वय गरिने पनि राष्ट्र बैंकले जनाएको छ । त्यस्तै, लघुवित्त संस्थाहरु गाभ्ने, कर्जाको पुनर्तालिकीकरण गर्ने तथा सेवा शुल्क परिमार्जन गर्ने, सेवाग्राहीको गुनासो व्यवस्थापनमा बढी ध्यान दिनेलगायत व्यवस्था राखिएका छन् ।

**आयात खुकुलो**

ड्राफ्ट तथा टिटीका माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धिगरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ । त्यस्तै, डकुमेन्ट अगेन्स्ट पेमेन्ट र डकुमेन्ट अगेन्स्ट एसेप्टेन्सका माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धिगरी अमेरिकी डलर एक लाख कायम गरिएको छ । यी व्यवस्थाले वस्तु आयात केही बढ्ने अनुमान गर्न सकिन्छ ।

**डलर खाताबाट हुने भुक्तानी सीमा बढाइने**

नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गरिने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, राहदानीबापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गर्ने नीति पनि राष्ट्र बैंकले लिएको छ । विप्रेषण आप्रवाह, भ्रमण, व्यापारलगायतका क्रियाकलापलाई थप सहज हुनेगरी सटही गर्न सकिने विदेशी मुद्राहरुको विद्यमान सूची पुनरावलोकन गरिने जनाइएको छ ।

**भुक्तानी प्रणाली सुधार**

राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यकपर्ने पूर्वाधार र संस्थागत संरचना पार्ने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, भुक्तानी, समाशोधन र फछ्र्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई पब्लिक लिमिटेड कम्पनी बनाइनेछ ।

**कर्जा विस्तारमा जोड**

चालु आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले राखेको छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फउन्मुख गरिने मौद्रिक नीतिमा उल्लेख छ । चालु आर्थिक वर्षका लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १२ र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२ दशमलव पाँच प्रतिशतसम्म रहने प्रक्षेपण राष्ट्र बैंकले गरेको छ ।

> "बजेट वक्तव्यमा उल्लेखित कृषिउपजको धितोमा समेत सहज रुपमा कर्जा प्रवाह हुने व्यवस्था मिलाइनेछ । बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।"

**चेक बाउन्स हुँदैमा कालोसूचीमा नराखिने**

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्नेलगायतका व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा सूचना तथा कालो सूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गर्ने नीति राष्ट्र बैंकले लिएको छ । त्यस्तै, प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटलले लगानी गरेको संस्था कुनै कारणबस कर्जा चुक्ता गर्न नसकी कालोसूचीमा पर्ने अवस्था आएमा लगानी गर्ने प्राइभेट इक्विटि तथा भेन्चर क्यापिटललाई कालोसूचीमा नपर्ने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

**ऋणपत्र क्षेत्रगत कर्जामा गणना गरिने**

चालु आर्थिक वर्षको मौद्रिक नीतिले ऊर्जासम्बन्धी ऋणपत्रहरुलाई क्षेत्रगत कर्जाका रुपमा गणना गर्न पाउने व्यवस्था गरेको छ । ऊर्जा क्षेत्रमा लगानी अभिवृद्धि गर्न ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टकृत संस्थाबाट जारी गरिएका ऊर्जा बन्ड लगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ ।

**कर्जा विस्तार हुनेगरी मौद्रिक नीति ल्यायौं: गभर्नर अधिकारी**

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आज सार्वजनिक भएको चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिबाट बैंक तथा वित्तीय संस्थाको कर्जा विस्तारमा सहज हुने बताउनुभएको छ ।

मौद्रिक नीति सार्वजनिक भएपछि सञ्चारकर्मीका प्रश्नको जवाफ दिँदै गभर्नर अधिकारीले कर्जा विस्तार बढेपछि बजार पनि केही चलायमान हुने अपेक्षा गरिएको बताउनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुको पुँजीकोष व्यवस्थापनसम्बन्धी व्यवस्थालाई खुकुलो बनाइएकाले कर्जा बढ्ने बताउनुभयो । "बैंकहरुमा रहेको पुँजीकोषको दबाबको व्यवस्थापनका लागि हामीले विभिन्न तरिका र उपकरणहरु सञ्चालन गरेका छौँ । त्यसले बैंक तथा वित्तीय संस्थालाई परेको पुँजीकोष दबाबमा केही सहजता आउनेछ", गभर्नर अधिकारीले भन्नुभयो, "बैंक वित्तीय संस्थामा तरलता पर्याप्त भएपनि उनीहरुको पुँजीकोष व्यवस्थापन गर्न नसक्दा कर्जा विस्तार गर्न सकेका थिएनन् । त्यसलाई सहज बनाउनुको अर्थबजारमा कर्जा बढोस् भन्ने हो । चालु आवमा साँढे १२ प्रतिशतको कर्जा प्रवाह हुनसक्छ भन्ने लक्ष्य हामीले राखेका छौँ ।"

मौद्रिक नीतिमार्फत चालु आवका लागि विस्तृत मुद्राप्रदायको वृद्धिदर १२ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धिदर १२ दशमलव पाँच प्रतिशतसम्म रहने प्रक्षेपण गरिएको छ । त्यस्तै, सरकारबाट भुक्तानी नपाएर समस्यामा रहेको निर्माण क्षेत्रलाई सहज हुनेगरी केही व्यवस्थाहरु मौद्रिक नीतिमा ल्याइएको गभर्नर अधिकारीले बताउनुभयो ।

"निर्माणसँग जोडिएको क्षेत्र र सहकारी क्षेत्र समस्यामा परेपछि त्यसको बहुआयामिक असर देखिएको छ । निर्माण व्यवसायीले रकम नपाएको, रकम नपाउँदा चेक बाउन्स भएको, चेक बाउन्स हुँदा कालोसूचीमा परेको, कालोसूचीमा परेपछि बैंक खाता बन्द भएको र बैंक खाता बन्द भएपछि उनीहरुले केही काम गर्न नसकेको अवस्था थियो", उहाँले भन्नुभयो ।

मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि आगामी मङ्सिर मसान्तसम्म थप गर्ने, कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्मका लागि चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने, बैंकिङ सुविधा तथा कर्जाहरूमध्ये वासलात बाहिरको सुविधा उपयोग गर्दा क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्थाको सीमा सम्बन्धमा छुट्टै व्यवस्था गर्ने, निर्माण व्यवसायीहरूको जमानत दाबी भई सृजना भएको कर्जामा चालु आवका लागि ऋण सृजना भएको मितिबाट अन्य कर्जासरह कर्जा वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्नेलगायत व्यवस्था ल्याएको छ ।

त्यस्तै संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाले मार्जिन प्रकृतिको शेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु २० करोडको सीमा खारेज गरिएको भए पनि व्यक्तिगततर्फको शेयर धितो कर्जामा रु १५ करोडको सीमा भने कायमै रहेको गभर्नर अधिकारीले स्पष्ट पार्नुभयो । संस्थागत शेयर धितो कर्जाको सीमा हटाउनुका पछाडि पनि बैंक तथा वित्तीय संस्थाबाट कर्जा बढोस् भन्ने उद्देश्य रहेको उहाँको भनाइ छ ।

"संस्थागततर्फ शेयर धितो कर्जामा रु २० करोडको सीमा हटाउने भनेको पुँजीबजारलाई असर गर्न खोजेको होइन । हामीले बैंकबाट जाने कर्जालाई मात्र हेर्न खोजेका हौँ", गभर्नर अधिकारीले भन्नुभयो । समग्र आर्थिक र वित्तीय प्रणालीलाई समस्या नपर्नेगरी सन्तुलित ढङ्गले सजगता साथ लचिलो मौद्रिक नीति आएको पनि उहाँको दाबी छ ।

विद्यमान अर्थतन्त्रमा देखिएको शिथिलता अन्त्य गर्नका लागि मौद्रिक नीतिका व्यवस्थाहरु मात्रै पर्याप्त नहुने धारणा गभर्नर अधिकारीले राख्नुभयो । "मौद्रिक नीतिले मात्रै सबैकुरा सम्बोधन गर्न खोजियो भने त्यसले थप जोखिमहरु निम्त्यउँछ । मौद्रिक नीतिले बजारमा ब्याजदरलाई स्थिरता दिने र सँगसँगै लगानीका लागि वातावरण बनाईदिने हो । विभिन्न निकाय र नीतिहरुसँग तादम्यता मिलाएर काम गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो ।

**वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधामा वृद्धि**

ड्राफ्ट/टिटीको माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधामा वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिले ती माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिएको छ ।

'डकुमेन्ट अगेन्स्ट पेमेन्ट र डकुमेन्ट अगेन्स्ट एसेप्टेन्स' को माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी अमेरिकी डलर एक लाख कायम गरिएको छ । नेपालमा खोलिएका परिवर्त्य विदेशी मुद्राको खाताबाट खर्च गर्न सकिने सीमालाई वृद्धि गरिएको छ । नीतिले विप्रेषण आप्रवाह, भ्रमण, व्यापार लगायतका क्रियाकलापलाई थप सहज हुने गरी सटही गर्न सकिने विदेशी मुद्राहरुको विद्यमान सूची पुनरावलोकन गर्ने लक्ष्य राखिएको छ ।

सेवा आयातवापत बैंक तथा वित्तीय संस्थाबाट प्रदान गरिने विद्यमान सटही सीमालाई वार्षिक र क्षेत्रगत रुपमा तोकी यससम्बन्धी व्यवस्थालाई सहजीकरण गर्ने लक्ष्य राखिएको छ ।सरकारका निकायलाई सार्वजनिक खरिद कानुनबमोजिम गरिएको खरिदको भुक्तानीको लागि आवश्यक पर्ने सटही सुविधामा ड्राफ्ट/ टिटी.को सीमा लागु नहुने एवम् एकभन्दा बढी भुक्तानीको माध्यम प्रयोग गर्न सक्ने गरी सहजीकरण गरिने व्यवस्था गरिएको छ । सुन आयात तथा बिक्री वितरणसम्बन्धी विद्यमान व्यवस्थाका सम्बन्धमा अध्ययन गर्ने र चाँदी आयातको विद्यमान व्यवस्थामा समसामयिक पुनरावलोकन गर्ने नीति लिइएको छ ।

**वैदेशिक रोजगारमा जानेलाई बिनाधितो ऋण उपलब्ध गराइने**

चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारमा जानेहरुका लागि बिनाधितो कर्जा उपलब्ध गराउने व्यवस्था ल्याएको छ ।

चालु आर्थिक वर्षको बजेटमा उल्लेख भएको उक्त विषय कार्यान्वयनका लागि राष्ट्र बैंकले मौद्रिक नीतिमा पनि उल्लेख गरेको हो । त्यस्तै, चालु आवको बजेटले कृषि र नवप्रवर्तन क्षेत्रमा जाने कर्जा सहज बनाउने नीति लिएकामा त्यसलाई कार्यान्वयनका लागि राष्ट्र बैंकले पहल गरेको छ ।

"नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ", मौद्रिक नीतिमा भनिएको छ, "बजेट वक्तव्यमा उल्लेखित कृषिउपजको धितोमा समेत सहज रुपमा कर्जा प्रवाह हुने व्यवस्था मिलाइनेछ । बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जालाई नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गरिनेछ ।" युवामा उद्यमशीलता प्रवर्द्धन गर्ने कर्जाको सहज र सरल पहुँच पुऱ्याउन सहजीकरण गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ ।

त्यस्तै, सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि राष्ट्र बैंकले सरकारलाई सहयोग तथा समन्वय गर्ने भएको छ । "सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएको बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्या समाधानका लागि समस्याग्रस्त सहकारीका सञ्चालक र एकाघरको परिवारको सदस्यका नाममा रहेको सम्पत्तिको धितोको सुरक्षणमा रु पाँच लाखसम्मका बचतकर्ता सदस्यको रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारलाई सहजीकरण गरिनेछ", चालु आवको मौद्रिक नीतिमा भनिएको छ । रासस

# 'मौद्रिक नीति समग्रमा ठीक छ, बाँकी सर्कुलर कस्तो आउँछन् भन्नेमा भर पर्छ'




काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले चालु आर्थिक वर्षको मौद्रिक नीतिले तय गरेको कार्यदिशा सकारात्मक रहेको प्रतिक्रिया दिनुभएको छ ।

नेपाल राष्ट्र बैंकले शुक्रबार जारी गरेको मौद्रिक नीतिका व्यवस्थाबारे राससस‌ँग प्रतिक्रिया दिनुहुँदै अध्यक्ष ढकालले निजी क्षेत्रले उठाइरहेका विषय र राष्ट्र बैंकलाई दिएका सुझाव सम्बोधन भएको बताउनुभयो ।यद्यपि, मौद्रिक नीति कार्यान्वयनका लागि राष्ट्र बैंकले जारी गर्ने परिपत्र (सर्कुलर) हरु कस्तो आउँछन् भन्ने कुराले पनि महत्वपूर्ण अर्थ राख्ने उहाँको भनाइ छ । "मौद्रिक नीति समग्रमा सकारात्मक नै छ । तर अब सर्कुलर कसरी आउँछन् भन्ने हो । कतिपय कुराहरु सर्कुलरमा पनि भरपर्छन्", ढकालले रासससँग भन्नुभयो ।

चालु आर्थिक वर्षका लागि साढे १२ प्रतिशतको कर्जा विस्तारको लक्ष्य राखिनु तथा त्यसका लागि सहजताको नीति लिइनु, बैंकदर र नीतिगत दर घटाइनु, चालु पुँजी कर्जा मार्गदर्शनको व्यवस्थालाई लचक बनाइनु र बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थाका लागि सहज नीति लिइनु मौद्रिक नीतिका सकारात्मक पक्ष रहेको ढकालले बताउनुभयो ।

यसअघि निष्क्रिय वर्गको कर्जा नियमित भइसकेको अवस्थामा छ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था थियो । उक्त व्यवस्थालाई परिमार्जन गरी छ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्ने र उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था ल्याइनुलाई पनि मौद्रिक नीतिको सबल पक्ष रहेको उहाँको भनाइ छ ।

संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाहरुले मार्जिन प्रकृतिको शेयर धितोमा प्रवाह गर्ने कर्जाको अधिकतम रु २० करोडको सीमा खारेज गरेका कारण पुँजी बजारमा पनि यसले केही सकारात्मक प्रभाव रहने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

लामो समयदेखि समस्यामा रहेको निर्माण क्षेत्रलाई लक्षित गरी केही व्यवस्था ल्याइएको र यसले सकारात्मक नतिजा दिनेमा आफु आशावादी रहेको अध्यक्ष ढकालले बताउनुभयो । मौद्रिक नीतिले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवाब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने, उनीहरुलाई चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश नगर्नेलगायत विभिन्न सहुलियत दिइएको छ ।रासस

# संस्थागत शेयर धितो कर्जामा २० करोडको सीमा खारेज

काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१/८२ को आज मौद्रिक नीति सार्वजनिक गर्दै संस्थागत शेयर धितो कर्जामा तोकिएको अधिकतम सीमा खारेज गरेको छ । व्यक्तिगततर्फको शेयर धितो कर्जामा मौद्रिक नीतिले केही नयाँ व्यवस्था ल्याएको छैन ।




"मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको परिस्थितिमा पुँजीबजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु २० करोडको सीमा खारेज गरिनेछ", मौद्रिक नीति सार्वजनिक गर्नुहुँदै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले भन्नुभयो ।

धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाबाट हुने प्रत्यक्ष ऋण लगानीलाई क्रमशः कम गर्दै मार्जिन ट्रेडिङको अवधारणालाई प्रोत्साहन गर्ने अभिप्रायसहित नेपाल राष्ट्र बैंकले हालसम्म ३४ धितोपत्र दलाल कम्पनीलाई सहमति प्रदान गरिसकेको मौद्रिक नीतिमा उल्लेख छ ।रासस


मधेश प्रदेश सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१२

यस मन्त्रालयको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

तपसिल

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# शिक्षा तथा संस्कृति मन्त्रालयको वार्षिक प्रगति विवरण सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले आर्थिक वर्ष ०८०/०८१ को वार्षिक प्रगति विवरण सार्वजनिक गरेको छ।



प्रदेश भरमै त्यसमा पनि शिक्षा तथा संस्कृति मन्त्रालयले पहिलो पटक आर्थिक वर्ष सम्पन्न भएको तीन साता पछि मातहतका कार्यालयसहित शुक्रबार प्रगति विवरण प्रस्तुत गर्नुका सार्थ समीक्षा समेत गरेको छ।

हालसम्म मधेश प्रदेशका कुनै पनि मन्त्रालय र मातहतका कार्यालयले गत आर्थिक वर्षको प्रगति विवरण सार्वजनिक गरिसकेको छैन । शिक्षा तथा संस्कृति मन्त्रालयले गत आर्थिक वर्षमा ५१ प्रतिशत बजेट खर्च गरेको छ।

वार्षिक प्रगति समीक्षा गोष्ठीलाई उद्घाटन गर्दै मुख्यमन्त्री सतीशकुमार सिंहले विगतमा भएको त्रुटि, कमीकमजोरीबाट पाठ सिकेर अघि बढनुपर्नेमा जोड दिएका छन्।

चालु आर्थिक वर्षमा समयमै अख्तियारी पठाउने तयारी रहेकाले योजनाहरु संचालनमा ढिलाई नगर्न मुख्यमन्त्री सिंहले मन्त्रालयका सचिवसहित मातहतका कर्मचारीहरुलाई प्रभावकारीरुपमा पारदर्शीता अपनाउँदै काम गर्नका लागि निर्देशन दिए।

उनले मधेश प्रदेशलाई विकासको मार्गमा अघि बढाउने जिम्मेवारी कर्मचारीमा रहेकाले दत्तचित भई नतिजामूखि कार्य गर्नुपर्ने बताए।

सो अवसरमा शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले कर्मचारी र मन्त्रीबीचको सम्बन्ध सुमधुर नभएसम्म कार्यप्रगति उत्साहजनक हुन नसक्ने दावी गरिन्।

उनले प्रदेशमा विकास कार्यलाई गति दिनको लागि मन्त्री र कर्मचारीहरु बीच समन्वय गरेर बढ्नुको विकल्प नरहेको बताइन्।

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव महेन्द्र महतोको अध्यक्षतामा भएको वार्षिक प्रगति समीक्षा गोष्ठीमा मन्त्री तिवारीले आफूले सुखसुविधाभन्दा कामलाई प्राथमिकता दिएकाले आफ्नो जिम्मेवारी बुझेर कार्य सम्पादनमा लाग्नको लागि कर्मचारीहरुलाई निर्देशन दिइन्।

## मुख्यमन्त्री सिंहद्वारा भवनको उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले पोषण पुनःस्थापना केन्द्र भवनको उद्घाटन गरेका छन्।




शुक्रबार एक कार्यक्रमबीच प्रादेशिक अस्पताल जनकपुरधामको प्रांगणमा अवस्थित पोषण पुनःस्थापना केन्द्रको दुइकोठे भवनको संयुक्त रुपमा उद्घाटन मुख्यमन्त्री सिंह तथा प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले गरेका थिए।

वर्ल्ड भिजन इन्टरनेशनलको साझेदारीमा एकीकृत ग्रामीण समाज विकास बर्दिवासद्वारा एकीकृत पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना अन्तर्गत प्रादेशिक अस्पताल जनकपुरधाममा रहेको पोषण पुनःस्थापना केन्द्रको दुई कोठे भवन कक्षको उद्घाटनको क्रममा मुख्यमन्त्री सिंहले पोषण भवन निर्माणले मधेशको स्वास्थ्य अवस्थामा सुधार ल्याउने बताए। उनले कुपोषित बालबालिकाहरुको उपचारका लागि निर्माण गरिएको सो भवन निर्माणका लागि कृतज्ञ हुँदै दाता संस्थाप्रति आभार व्यक्त गरे।

त्यस्तै वर्ल्ड भिजन इन्टरनेशनलका प्रतिनिधि अनुप राणाले बालबालिकाको पोषणको क्षेत्रमा काम गर्ने उदेश्य राखेको संस्थाले मधेशका विभिन्न जिल्लामा काम गरिरहेको बताइन्।

१९ लाख ५९ हजार ९ सय ५९ रुपैयाँको लागतमा निर्माण सो भवनमा उपचार गर्न आउने बालाबालिकालाई वर्ल्ड भिजनले खेलकुद सामग्रीसमेत उपलब्ध गराउने गरेको छ।

## नक्कली नोटसहित पक्राउ

**टुडे समाचारदाता**

रौतहट । नक्कली नोटसहित पक्राउ परेका दुई जनालाई रौतहट प्रहरीले सार्वजनिक गरेको छ । बिहीबार राति पक्राउ पर्नेमा सर्लाहीको गोडैता नगरपालिका-८ का नजरे आलम र इमामुल हक दर्जी छन्।

उनीहरूलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहापुरबाट खटिएको टोलीले नेपाली एक हजारको १३ थान नक्कली नोटसहित पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक एलिजा गिरीले नक्कली नोट कहाँबाट ल्याएको भन्ने बारेमा अनुसन्धान भइरहेको बताइन्। उनले भनिन्, 'अन्य समुहको संकलग्नता बारे पनि अनुसन्धान भइरहेको छ।'



जिल्लामा पछिल्लो ३ वर्ष यता नक्कली नोटको कारोबार गर्ने गिरोह सक्रिय देखिन्छ। यसअघि २०७८ मंसिरमा रौतहटको सीमावर्ती प्रहरी चौकी मोतीपुर नरकटियाबाट खटिएको प्रहरी टोलीले परोहा नगरपालिका-८ स्थित नरकटियाबाट भारत बिहारका विकाश जयसवाल र अजय प्रसादलाई १ हजारको ६९ थान र ५ सयको १ थान नक्कली नोट सहित पक्राउ गरेको थियो।

त्यसको एक सातापछि २०७८ पुसमा प्रहरीले ९ लाख ९३ हजार रुपैयाँ नेपाली नक्कली नोटसहित धनुषा बटेश्वर गाउँपालिका-४ का शत्रुधन वरइ ठाकुर, महोत्तरी बर्दिवास नगरपालिका-९ का रञ्जित महतो र महोत्तरी भंगाहा नगरपालिका-४ स्थित प्रेमनगरका दीपेन्द्र कुमार महतोलाई पक्राउ गरेको थियो।

## मधेश प्रदेश लोकसेवा आयोगको अध्यक्षमा डा. यादव



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश लोकसेवा आयोगको अध्यक्ष पदमा डा. शिवराम यादव नियुक्त भएका छन्।

प्रदेश मन्त्रिपरिषद्को बैठकले उनलाई आयोगको अध्यक्ष पदमा नियुक्त गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयले जनाएको छ।

सिरहाको
सिरहा नगरपालिका-१३ स्थित गम्भरियाका डा. यादव मेकानिकल इन्जिनियरिंग विषयमा विधावारिधि गरेका छन्।

यसअघि उमेरहदका कारण आयोगको अध्यक्ष सुरेन्द्रप्रसाद यादव २०८० फागुन २२ गते पदमुक्त भएका थिए।

विगत पाँच
महिनादेखि लोकसेवा आयोगमा पदाधिकारीविहीन हुँदा कर्मचारी भर्ना, तालिका प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा छनोट प्रक्रिया अवरुद्ध भएको थियो। २०७६ भदौं ४ मा प्रदेश लोकसेवा आयोगको गठन तथा स्थापना भएको थियो।

# पूर्खाको कीर्तिमाथि रजाई

ब्लग :



श्यामसुन्दर शशि




जानकी मन्दिर र राम मन्दिरका आदि महन्त क्रमशः सूरकिशोर दास र चर्तुभुज गिरीले १७ औँ शताब्दीको पहिलो दशकमा आधुनिक जनकपुरको खोजी गरेका थिए। यद्यपि पूर्वमा जलाद र पश्चिममा दूधमती नदीको बीचमा फैलिएको जनकपुरमा यस अधि पनि फाट-फुट घर, स-साना मठ-मन्दिर तथा तलावहरु भने थिए। बाँकी भागमा जंगल थियो। पछिल्ला लगभग तीन सय वर्षमा जनकपुरधामको आकारको मात्र नभई समग्र विकास भएको छ । तर आजको यो भव्य जनकपुरधाम जादूको छडि अथवा देवी देवताको कृपाले रातारात बनेको होइन। आधुनिक जनकपुरधाम निर्माणमा यहाँका सामाजिक अभियन्ताहरुको रगत-पसिना बगेको छ । यहाँका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदालाई जोगाउँन ती अभियन्ताहरुले दिनरात मिहिनेत गरेका छन्। जसको प्रतिफल हाम्रो सामु विद्यमान छ- याज्ञवल्क्य, सरस्वती माध्यमिक विद्यालय, राराब क्याम्पसलगायतका स्कूल र कलेज, जानकी पब्लिक अस्पतालको रुपमा सुरु भएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल, जानकी आँखा अस्पताल, जनकपुर उद्योग वाणिज्य, कानून व्यावसायी संघ, परिवार नियोजन, रेडक्रश सोसाइटी तथा जिल्ला स्थित सरकारी कार्यालयहरु एवं रियो, लायन्स जस्ता अन्तराष्ट्रिय समाजसेवी संघ संस्थाहरु।




जनकपुरधाममा संचालित लगभग प्रत्येक सरकारी र गैर सरकारी संघ संस्थाहरुको स्थापना आफैमा एउटा कथा हो। भनिन्छ, कथा पुरानो भएपछि इतिहास बन्छ। आज पूर्खाहरुले रगत-पसिना बगाएर स्थापना गरेका ती संघ संस्थाहरु निजी, जातीय तथा राजनीतिक स्वार्थको होडवाजी देखिएको छ। नेतृत्वको असक्षमता तथा लोभानिपापानिको कारण केही संघ संस्था समाप्त भइसकेका छन्। केही जोखिममा छन् र केही संकटमा छन्। तर बिडम्बना, आजका पुस्ताहरुलाई यी संघ संस्थाहरुको स्थापना, उत्थान र पतनबारे चासो छैन । आफ्ना पुर्खाहरुको कीर्तिबारे जानकारी छैन। आजका युवा भोलिका नगर संचालक हुन्। जानकार युवाहरु आफ्ना पुर्खालाई सम्मान गरुन् अनि दुःख गरेर स्थापना गरेका संरचनाहरुको संरक्षण, सम्बर्धनका लागि अग्रसर होउ नभने सबैको चाहना हो।

आज चरम विवादमा परेको जानकी आँखा अस्पताल स्थापनाको कथा पनि कम रोचक छैन। हाल आँखा अस्पताल रहेको जग्गा बीरपुर भनौँ वा बिरख कुटीको थियो। यहाँका चलनचल्तीका नेताको हाथबाट बिक्री भइसकेको सो जग्गाखाली गराएर मकेश्वर प्रसाद सिंहको पहलमा अस्पताल निर्माण गरिएको थियो । जनकपुरधाम उपमहानगरपालिका- ८ का मोहन उपाध्याय आँखा अस्पताल निर्माणको कथा यस प्रकार बताउँछन्- 'जानकी आँखा अस्पताल निर्माण भएको जग्गा बिरखकुटी र महन्त जगदीश दासको थियो। बिरख कुटीका महन्त जग्गा बिक्री गरेर भागेका थिए । जग्गा खरिद गर्नेहरु जनकपुरधामका कहबैका नेताहरु नै थिए । ती नेताहरुले जग्गामा सालसिमाना पनि गाडिसकेका थिए। तर मकेश्वर बाबूले तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापासंग समन्वय गरेर सो जग्गा आँखा अस्पतालको भोग चलनमा ल्याउनु भयो । महुवा खजुरीका प्रतिष्ठित व्यावसायी बौएलाल साहसंग समन्वय गरेर सुरुमा आँखा शिविर र पछि पक्की भवन पनि बनाउन लगाउनु भयो। आँखा अस्पतालको पुरानो भवनमा अझै पनि बौएलाल पानो देवीको नाम लेखिएकै छ। अन्यदाताहरुले पनि सहयोग गर्नु भयो। जग्गा बन्दोवस्त गर्ने र पुरानो भवन निर्माण गर्नेसम्म रेडक्रस सोसाइटीको नामनिसान थिएन। पछि अर्का महन्त जगदीश दासको जग्गा पनि आँखा अस्पतालको लागि लिइएको थियो। जगदीश दासलाई रत्नसागरको जग्गामा निर्मित पुरानो भवनमा व्यवस्थापन गरिएको थियो। मकेश्वर प्रसाद सिंह, मेघप्रसाद उपाध्याय तथा डा.जयबल्लभ दासलगायतको योजना तथा बौएलाल साह र पानो देवी जस्ता दाताहरुको सहयोगमा जानकी आँखा अस्पताल निर्माण भएको थियो।

नागरिक समाजको सहयोगमा बनेको जानकी आँखा अस्पताल अचेल राजनीतिको अखाडा बनेको छ । केन्द्रिय रेडक्रशले राजनीतिक आस्थाको आधारमा अध्यक्ष र कोषाध्यक्षको नियुक्त गर्छ। चिकित्सक र कर्मचारीको नियुक्ति राजनीतिक आस्थाको आधारमा नियुक्त भएका अध्यक्ष र कोषाध्यक्षले गर्छन्। अचेल आँखा अस्पताल दुई कित्तामा विभाजित छ । अस्पताल संचालन र व्यवस्थापनको जिम्मा पाएका अध्यक्ष नरेशप्रसाद सिंह केही चिकित्सक र कर्मचारीको नेतृत्व गर्दै एक कित्तामा उभिएका छन्। कोषाध्यक्ष धीरेन्द्रमोहन झा भने केही चिकित्सक, कर्मचारी तथा राजनीतिक दलका नेताहरुसंग अर्को कित्तामा छन्। दुबै पक्षबाट पत्रकार सम्मेलन आयोजन गरिदैंछ । प्रेस विज्ञप्ति सार्वजनिक गरिदैंछ। प्रहरी प्रशासन गुहारिँदै छ । यता नेपाल र भारतका सुदूर गाउँहरुबाट आउँने आँखाका विरामीहरु उपचार नपाएर बिचल्लीमा परेका छन्। दुबै पक्ष आफूहरु विरामीको सेवा नरोकेको दाबी गरे पनि विरामीको उपचारबाट भने बञ्चित छन् । प्रहरी प्रशासन घटनाको छानबिनमा जुटेको छ। नागरिक समाजका नाममा तेल हालेर 'मस्तराम' भएका छन्।

नागरिक समाजकै सहयोगमा निर्मित अपांग संघभित्र भव्य नैना अस्पताल तथा निजी नर्सिंग होम संचालनमा छ। रेडक्रश सोसाइटीको उत्तिमपुर र प्रादेशिक अस्पताल जनकपुरधामस्थित भवन भाडामा लगाइएको छ । बाल मन्दिरको जग्गामा पब्लिक यूथ नामक निजी कलेज संचालनमा छ भने नेपाल परिवार नियोजनको उत्तिमपुरस्थित भवनको कोठाहरु पनि भाडामा लगाइएका




छन् । समाजिक सेवाका लागि गुठीको जग्गा लिजमा लिएर स्थापना गरिएका यी संस्थाहरुको सदस्यता तथा आम्दानी-खर्चको हिसाबबारे नागरिक समाज बेखवर छन्।

अचम्म सुरुमा नागरिक समाजद्वारा समाज सेवाको पवित्र उद्देश्य लिएर स्थापित संघ संस्थासम्म नागरिक समाजभन्दा पनि व्यापारीहरुको पहुँच सजिलो भएको छ।

## बन्धक बनाइएका २८ मजदुरको उद्दार

**टुडे समाचारदाता**

जनकपुरधाम। भारतको जम्मुकश्मिरमा बन्धक बनाइएका धनुषा र सिरहाका २८ मजदुरको उद्धार गरिएको छ । उनीहरु रोजगारीका सिलसिलामा जम्मुकश्मिरमा पुगेका थिए । धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले सिरहाका २१ र धनुषाका सात जनालाई उद्धार गरी ल्याइएको जानकारी दिए।

उनका अनुसार ती मजदुरहरु कश्मिरको श्रीनगरमा पाँच महिनादेखि बन्धक थिए। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पहलमा भारत नयाँ दिल्लीस्थित नेपाली राजदूतावासको सहयोग तथा किन इण्डिया संस्थाको समन्वयमा उनीहरुलाई उद्दार गरी नेपाल ल्याइएको छ।



बिहीबार साँझ नेपाल ल्याइएका उनीहरुलाई दुवै जिल्लाका मानव बेचविखन नियन्त्रण समितिलाई जिम्मा लगाइएको थियो । शुक्रबार जनकपुरधाममा परिवार मिलन कार्यक्रम गरी परिवारको जिम्मा लगाइएको छ । उनीहरु मजदुरीका लागि बिचौलियामार्फत भारत पुगेको र पाँच महिनादेखि सम्पर्कमा नभएको जनाइएको छ।

उनीहरुलाई बिचौलियामार्फत रोजगारीका लागि भनेर भारत पुगेका उनीहरू पाँच महिनादेखि नै परिवारसंगको सम्पर्कमा थिएनन् । आफन्त र पीडित मजदुरको सूचनाका आधारमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले उद्धारका लागि तदारुकता देखाएसंगै उनीहरूको उद्धार गरिएको जनाइएको छ।

मानव बेचबिखन नियन्त्रण समितिले अब मजदुरहरूलाई परिवारको जिम्मा लगाउने छ। उनीहरूलाई कसरी र कसले पठाएको भन्ने विषयमा अनुसन्धान हुने जिल्ला प्रशासन कार्यालय, सिरहाका शाखा अधिकृत रवीन्द्रकुमार महतले बताए।

## जनमत पार्टीको सचिवालय बैठक

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ जनमत पार्टीको केन्द्रीय सचिवालय बैठक जनकपुरधाममा सुरु भएको छ । मधेश सरकारको कामकाज कार्यान्वयन तथा प्रभावकारी बनाउने भन्दै जनमतले शुक्रबारदेखि दुई दिनसम्म केन्द्रीय सचिवालय बैठक सुरु गरेको जनाएको छ।



मधेशमा पहिलोपटक नेतृत्व सम्हालेको जनमत पार्टीले सरकारमा सहभागी भएको डेढ महिनापछि पार्टी र सरकारबारे समीक्षा गर्न थालेको छ। सरकारको समीक्षाका लागि सचिवालय बैठक सुरु भएको जनमतका प्रवक्ता शरद यादवले बताए।

प्रवक्ता यादवले सचिवालय बैठकमा खासगरी ३ वटा एजेण्डामा छलफल केन्द्रित रहने प्रवक्ता यादवले बताए।

उनले पहिलो चरणमा प्रदेश सरकारको कामकारबाहीमा भएका उपलब्धि तथा काम गर्दा आएका कठिनाइको समाधानका विषयमा छलफल भएको बताए। मधेश प्रदेश सरकारलाई कसरी सफल बनाउने त्यो रणनीति समेत बैठकबाट तय गरिने जनाएको छ ।सो बैठकको दोस्रो एजेण्डा वर्तमान राजनीतिक परिस्थिति र तेस्रो एजेण्डा पार्टीको कार्यदिशा रहेको प्रवक्ता यादवले बताए।

शनिबार मधेश प्रदेशका मुख्यमन्त्री, पूर्वमन्त्री तथा प्रदेश सांसदहरूसँग छलफल गरिने एजेण्डा रहेको उनले बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८